# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क १६ पूर्णाङ्क ११४ | २०७५ असोज १५ गते सोमबार | Monday, Oct. 1, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादी दैलेखका जिल्ला नेताको निधन, पार्टीद्वारा श्रद्धाञ्जली व्यक्त



दैलेख । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) दैलेख जिल्लाका बरिष्ठ सदस्य शिवराम कामीको निधन हुन पुगेको छ । जिल्लाको चामुण्डा विन्द्रसौनि नपा वडा नं १ घर भएका शिवरामको शनिबार निधन भएको हो । नेता शिवराम कामीको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै क्रान्तिकारी माओवादी दैलेखले एक वक्तव्य जारी गरी श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी जिल्ला सेक्रेटरी चेतनले जारी गरेको वक्तव्यमा भनिएको छ, "जिल्ला समिति दैलेखका वरिष्ठ सदस्य कमरेड शिवराम कामीको असामयिक निधनले हाम्रो पार्टीलाई अतुलनीय क्षति हुन गएकाले समग्र पार्टीपंक्तिलाई स्तब्ध बनाएको छ, यस दुखद् घडीमा वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।"

# ईपीजी प्रतिवेदन कभरमा नेपालको 'नक्कली नक्सा'

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेपालको ईपीजी समूहले आफ्नो रिपोर्टमा दिल्लीले पठाएको नक्कली नक्सा राखेको आशंका व्यापक रूपमा आउन थालेको छ । नेपालका ईपीजीका संयोजक डा. भेषबहादुर थापाले यो कुरा स्वीकार गर्दै भनेका छन्- 'आवरण पृष्ठ कस्तो बनाउने भन्नेमा हामीहरूबीच सहमति भएर टुंगो लागिसकेकाले अब समस्या छैन ।'

भारतीय प्रधानमन्त्री मोदीले ईपीजीलाई भेट्न समय दिएनन् भनेर समय लम्ब्याउँदै लगी नक्कली नक्सा राखेर नेपालभित्र वातावरण बनाउन थालेको स्पष्ट बोध हुन्छ । नेपालका प्रधानमन्त्री ओलीले सन् १९५० देखिका सबै असमान सन्धिसंझौताहरू कार्यान्वयनमा लैजाने भनेपछि भारतीय पक्षले नेपालमाथि दागा धर्दै जान थालेको सतहमा देखिदै आएको छ ।



देशभक्त, क्रान्तिकारी, स्वाभिमानी तथा नेपाल आमाका सन्तती नेपालीहरूले भारतीयहरूको सीमा अतिक्रमण र ओली सरकारको दलाली र चाटुकारिताको देशव्यापी विरोध गरेपछि ईपीजीको नक्कली कामकार्यमा बाधा पुगेको छ । नेपालको ईपीजी समूहका संयोजक डा. भेषबहादुर थापाले 'कभर छपाइ'मा ढिला भएको भनेर निकै सांकेतिक भाषामा आफ्नो अभिव्यक्ति दिएका छन् । थापाको 'कभर छपाइ' भनेको प्रतिवेदनको कभरमा प्रयोग गरिने नेपालको नक्सा हो ।

नेपालको अतिक्रमित भूभागको कुरा क्रमशः अन्तर्राष्ट्रियकरण हुँदै गएपछि भारतले प्रबुद्ध व्यक्तिसमूह (ईपीजी)को गठन र सीमा अवलोकन, निरीक्षण तथा रिपोर्ट तयारीका लागि भनेर निकै धुर्त्याईंका साथ सहमति गरेको थियो । नेपाल भारत सीमाका बारेमा उठेका कुराहरूको पहिचान तथा समाधानका लागि भनेर उक्त समूह दुई वर्ष अघि नै गठन गरिएको थियो । यसमा दुवै देशको सहमति थियो र दुवै सीमा समाधानका लागि प्रतिबद्ध थिए पनि ।

प्रबुद्ध समूहले केही दिन लगाएर सीमाका समस्याबारे छलफल तथा तयारी पनि गरे । तर यो समूह फिल्डमा गएन । फिल्डमा नगएर नक्सा कोरकार पार्ने र त्यसैलाई ईपीजीको रिपोर्टको रंगरोगन लगाउने गरियो । यसमा लेनदेनका नाममा नेपालको धेरै भूभाग इण्डियाको भएको स्वीकार गरिएको धेरैको आशंका छ । एक त प्रवुद्ध भनिने समूहले नेपालमा प्रवुद्धहरूकै बीचमा छलफल र बहस चलाएका छैनन् भने सल्लाहसुझाव पनि लिएका छैनन् । अर्को कुरा, नेपालको सीमा एकलौटी रूपमा भारतले अतिक्रमण गर्ने गरेको सन्दर्भमा ईपीजीले भन्ने गरेको लेनदेनका कुरा भित्र कुन रहस्य लुकेको छ ? यो सहजै अनुमान लगाउन सकिन्छ ।

तर आश्चर्यको कुरा त के छ भने भारतका प्रधानमन्त्री मोदीले यही ईपीजीको समूहलाई भेट्ने समय पनि दिन नसकेको स्वाङ गरिहेका छन् । के छ यसको पछाडिको कारण ? यसको मूल कारण हो गुपचूपमा यी सबै कामहरू टुंग्याउने भन्ने हुन सक्छ । तर यो कुरा अब गुपचूप र एकान्तको कुरामा मात्र सीमित रहनसक्ने अवस्थामा छैन ।

नेपालको पश्चिममा रहेको लिम्पियाधुरा, लिपुलेक र कालापानीदेखि गड्डा चौकी, सुस्ता, महेशपुर, प्यारानाला, भादानाला, ठोरी, वीरगञ्जहुँदै पूर्वको पशुपति नगरमा रहेको आधा कट्ठा जमीन पनि भारतीयहरूले मिचेका छन् । यी कुरा आज विद्युतीय सञ्चारमाध्यमहरूद्वारा संसारभर फैलिइसकेका छन् ।

**मिचिएका सीमा फिर्ताका लागि अन्तर्राष्ट्रियकरण जरुरी**

भारतीय पक्षले एकतर्फी रूपमा मिचेको नेपाली सीमा तथा भूभाग फिर्तिका लागि नेपालीहरूले यसलाई अझ अन्तर्राष्ट्रियकरण गर्नु जरुरी छ । दिल्लीले कमजोर पार्न खोजेको आवाज विश्वभर फैलाउन जरुरी छ । यसका लागि सामाजिक सञ्जाल, पत्रपत्रिका, विद्युतीय सञ्चार तथा चिट्ठीपत्र र फोनबाट पनि यसको प्रचारप्रसार जरुरी छ । अन्तर्राष्ट्रिय जनसमुदायका अगाडि दक्षिण एशियाको सबैभन्दा ठूलो प्रजातान्त्रिक भनिने देशको सक्कली अनुहार उजागर गर्नु जरुरी छ ।

**यसको थप छलफल परराष्ट्र सचिवहरूको वैठकमा लगिदै**

गोप्य रूपमा गरिन लागेको ईपीजीको वैठक एक्सपोज भएपछि यसलाई थप छलफलका लागि परराष्ट्र सचिवस्तरीय वैठकमा लगिने भएको छ । त्यहाँ लगिने भनेर एक त समय लम्ब्याइँदै छ । अर्कोतिर लटरपटर पार्ने उपयुक्त समय पनि खोजिदै छ । यसका लागि भारतले अर्को मधेश आन्दोलन ...बाँकी ६ पेजमा

## कालापानी क्षेत्र गायब पारिएको नक्सा इन्टरनेटमा छ्याप्छाप्ती

काठमाडौं । अहिले नेपालको नक्साबाट कालापानी क्षेत्र गायब पारिएको नक्सा इन्टरनेटमा छ्याप्छ्याप्ती पारिएको छ । हरेक जसो नक्सा बेच्ने पसलहरूदेखि इन्टरनेटमा आकार विगारी कालापानी क्षेत्र नै गायब पारिएका नेपालका नक्सा इन्टरनेटमा छ्याप छ्याप्ती भेटिन्छन् । यतिसम्म कि सरकारसँग स्वीकृति नै नलिई कतिपय विदेशी अनलाईनले नेपालका अनधिकृत नक्सा बेचिरहेका छन् । तर, गलत नक्सा बनाएर इन्टरनेटमा राख्ने र गैरकानूनी कारोबार गर्नेमाथि सरकारले छानविन र कारवाही गर्न सकेको छैन । र, गर्ने जमर्को पनि गरेको देखिदैन ।

नमस्ते नेपाल नामक प्रयोगकर्ताले युट्युबमा अपलोड गरेको एउटा भिडियोमा कालापानीको भूभाग गायब पारी नेपालको नक्सा बनाउन सिकाइएको छ । यो भिडियो अहिलेसम्म २६ हजार पटक हेरिएको छ भने अमित डंगोल नामको एकाउन्टमा पनि कालापानी क्षेत्र नै नभएको नक्सा राखिएको छ, जुन १ लाख ३१ हजारले हेरिसकेका छन् । नेपाल ...बाँकी २ पेजमा

## क्रान्तिकारी माओवादी महोत्तरीको सम्मेलन सम्पन्न, सेक्रेटरीमा विशाल

बर्दिबास । नेकपा (क्रान्तिकारी माओवादी) महोत्तरीको जिल्ला सम्मेलन सम्पन्न भएको छ । १० असोजमा महोत्तरीको सरहन्चियामा भएको सम्मेलन ले विशालको नेतृत्वमा ९ सदस्य पूर्ण र ७ सदस्य वैकल्पिक गरी १६ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ । पार्टीका पिविएम तथा २ नं. प्रदेश सेक्रेटरी रमेशको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले सेक्रेटरीमा विशाल र सदस्यहरूमा ज्ञानलाल महतो, विन्दा महतो, मोहन मण्डल, रामसरोबर यादव, नन्दु विक, ...बाँकी २ पेजमा

## अनेमसंघ (क्रान्तिकारी)को १ नं. प्रदेशको भेला सम्पन्न, संयोजकमा अम्बिका रेग्मी

धरान । अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को १ नं. प्रदेश भेला सम्पन्न भएको छ । भेलाले अम्बिका रेग्मीको संयोजकत्वमा १९ सदस्यीय समिति प्रदेश कमिटि निर्माण गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम तथा कार्यवाहक सेक्रेटरी नगेन्द्र राईको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले रिता मगर, हिरा मगर, उमा परियार, पेमडोमा शेर्पा, सुमित्रा चौधरी, पर्मिला नेम्वाङ, कमला मगर रहेको सचिवालय गठन गरेको छ भने प्रदेश सदस्यहरूमा जुनु लिम्बु, सुनिता बुढाथोकी, धनमाया विक, जुली राय, पासाङ शेर्पा, कमला खतिवडालगायतलाई चयन गरेको छ ।

१२ असोजमा सुनसरीको धरानमा सम्पन्न भएको भेलामा क्रान्तिकारी माओवादीहरू केसहरू सीताराम बुढाथोकी, मनोज श्रेष्ठ, अखिल नेपाल किरात राष्ट्रिय मुक्ति मोर्चाका ...बाँकी ६ पेजमा

## नेपाली स्वाभिमानको लडाइँमा बिगेसो

काठमाडौं । ब्रिटिश गोर्खा आर्मी एक्समेन्स अर्गनाइजेशन (बिगेसो)ले बिहीबार एक अन्तरक्रिया कार्यक्रम भव्य रूपमा सम्पन्न गऱ्यो । ब्रिटिश गोर्खा भर्ति, यससँग सम्बन्धित असमान सन्धिसम्झौता, त्यहाँबाट आउने नजराना तथा रेमिटेन्स, मानव संशाधनको निर्यात् र यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी मान्यता र यी सबैसँग जोडिएको नेपालको राष्ट्रिय स्वाभिमानको प्रश्नबारे यो अन्तरक्रिया कार्यक्रको मूल विषयवस्तु रहेका थिए ।

कार्यपत्र प्रस्तुत गर्दै बिगेसको अध्यक्ष पदमसुन्दर लिम्बुले यी माथिका प्रश्नहरूका साथै पहिलो तथा दोस्रो विश्वयुद्धमा सहभागी भएका ४ लाख ५० हजार नेपाली सेनाहरूमध्ये मारिएका ५० हजार सेनाहरूको खोजी जरुरी छ भन्दै हाल बिना आधिकारिकता भइरहेको यो मानव तस्करी सिंगापुर, युएई, ब्रुनाईसम्म फैलिएको, अनाधिकारिक रूपमा गोर्खा म्युजियम राखिएको, गोर्खा वेलफेयर ट्रस्ट खोलिएको र विभिन्न देशहरूमा विस्तार गरिएको, भिक्टोरिया क्रस खोसिएको, नेपालमा पठाइएको नजराना लुकाइएको र ब्रिटिश गोर्खालीहरूको नागरिकताको निरन्तरता आदि बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा नकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले उक्त अन्तरक्रिया एक आँखीझ्यालजस्तो भएको बताउँदै आजको चेतनाको गुणात्मकतामा भएको विकासका कारणले कार्यरत गोर्खा आर्मी तथा सेवा निवृत्त ब्रिटिश आर्मीका समस्याहरू केवल सेवा सुविधाका समस्याहरू मात्र नभएर यी सबै अपमानजनक तथा असमान सन्धिसम्झौतासँग प्रत्यक्ष जोडेर सबैभन्दा उचाइबाट नियालिएको बताएका थिए ।

नेपालका युवाहरू लडाकु जातिका रूपमा बेलायती सैन्य सेवामा भर्ना गरिने गरी भएका सन् १९४७ लगायतका सबै असमान तथा राष्ट्रिय स्वाभिमान विरोधी सन्धि सम्झौताहरूको खारेजीको माग एकदमै ठीक रहेका कुरामा जोड दिँदै प्रमुख अतिथि किरणले बिगेसोका अध्यक्ष पदमसुन्दर लिम्बुले प्रस्तुत गर्नुभएको कार्यपत्र वस्तुवादी तथा समसामयिक दस्तावेज भएको बताएका थिए ।

गणतन्त्र स्थापना भएको आजको अवस्थामा पनि एकातिर देशमा समृद्धि ल्याउने कुरा गर्ने तर अर्कोतर देशका उर्जाशील युवाहरूलाई लाइन लगाएर लाखौंको संख्यामा विदेशिन बाध्य पार्ने ओली सरकारको पाखण्डको धज्जी उडाउँदै किरणले प्रश्न गरेका थिए यसबाट देशमा मृद्धि कति संभव छ ? देशको उन्नति वा अबनति हुनुमा कुन वर्ग र कुन वर्गका मानिसहरू राज्यसत्तामा आसीन छन् भन्ने कुराले निकै ठूलो भूमिका खेल्ने बताउँदै वर्तमान नेकपा र यसको सरकार वामपन्थी र कम्युनिस्ट दुवै नभएको ठोकुवासहित यो दलाल तथा नोकरशाहहरूको राज्यसत्ता हो र यी विस्तारवाद तथा साम्राज्यवादको आशीर्वाद र प्रत्यक्ष निर्देशनमा चलिरहेको खुलासा गरे ।

विशिष्ट ...बाँकी ६ पेजमा

## 'संघर्षको आँधीबेहरी उठान गर्न जरुरी छ'

काठमाडौं । अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को विशेष राष्ट्रिय भेलाको उद्घाटन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले संघर्षको आँधिवेहरी उठान गर्नुपर्ने विचार व्यक्त गरेका छन् । काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको अडिटोरियम हलमा मङ्गलवार उद्घाटन गर्दै महासचिव किरणले वर्तमान सरकारको वामपन्थी तथा समाजवादी ढोंग निकै छोटो समयमा वेनकाब भएको भन्दै राष्ट्रियताका कुरा उरालेर नथाक्ने यो सरकारले कालापानी लगायतका मिचिएका सीमाहरू भारतीय क्षेत्रमा परिएको नक्सा प्रयोगमा ल्याइरहेको खुलासा गरे । उनले यसको आधिकारिक धारणा जनतामा नदिइएको भन्दै जनतालाई गुमराहमा राखेर जनताको सूचनाको हकबाट बञ्चित गरिएको बताए ।

यसलाई विद्यार्थी साथीहरूले राम्रो गरी बुझ्नुपर्छ भन्दै किरणले राष्ट्रियता, जनताका जनतान्त्रिक हक र जनजीविकाका कुराहरूलाई संघर्षका रूपमा लिएर अघि बढ्नुपर्ने बताए । एक आँधीबेहरीको उठान जरुरी छ भन्दै युवाहरूलाई संघर्षमा अग्रमोर्चामा लामबद्ध हुन आग्रह पनि गरे । यसका लागि कित्ताबन्दी जरुरी छ भन्दै उनले अब युवा क्रान्तिकारीहरू एक ठाउँमा उभिन जरुरी भएको बताए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष तथा विशिष्ट अतिथि सीपी गजुरेल 'गौरव'ले आजका विद्यार्थीहरू नै भविष्यका कर्णधार भएकाले विद्यार्थीमा आएको चेतना, जागरुकता, अध्ययन र विशिष्ट क्षमता आदिले नेपालले भविष्यमा योग्य नेतृत्व प्राप्त गर्ने छ भने । २०३६ सालको आन्दोलन, त्यसपछिका पनि निरन्तर चलेका विद्यार्थी आन्दोलनहरूले नेपालमा हुँदै आएका परिवर्तनमा ठूलो भूमिका निर्वाह गरेका छन् भन्दै विद्यार्थीहरू आज योद्धाका रूपमा परिवर्तन हुन जरुरी छ भन्ने कुरामा उनले जोड ...बाँकी ४ पेजमा

## साहनीमाथि गरिएको दुर्व्यवहारको भर्त्सना

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठन, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपाल, अखिल नेपाल जनसाँस्कृतिक महासंघ र क्रान्तिकारी पत्रकार महासंघले संयुक्त रूपमा व्यक्तव्य जारी गरी बरिष्ठ साहित्यकार, बुद्धिजीवी तथा पत्रकार सेनानी दिल साहनीमाथि केही भूपू गोर्खा भारतीय सैनिकहरूले गरेको अमानवीय दुर्व्यवहारको घोर भर्त्सना एवं कडा शब्दमा निन्दा गरेका छन् ।

वक्तव्यमा २०७५ असोज ५ गते बुटवल उपमहानगरपालिकाको सभाहलमा जितगढी किल्लामा रहेको भारतीय पेन्सन क्याम्प भारतलाई दिनेरनदिने बारेमा भएको छलफलमा साहनीले राष्ट्रिय स्वाधीनताको पक्षमा आफ्ना भनाई राखिरहँदा भूपू भारतीय गोर्खा सैनिकका केही उदण्ड व्यक्तिहरूले साहनीमाथि गरेको दुर्व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै दुर्व्यवहारमा संलग्न माथि कारवाही गर्न समेत माग गरिएको छ ।

नेपाल राष्ट्रिय प्राध्यापक संगठन, अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंह, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले संयुक्त रूपमा जारी गरेको वक्तव्यमा भनिएको छ, 'बरिष्ठ प्रगतिवादी साहित्यकार तथा प्राध्यापक दिल साहनीमाथि भएको केही उदण्ड भारतीय भूपू गोर्खा सैनिकहरूद्वारा भएको सांघातिक आक्रमणप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनाको हामी तीव्र निन्दा एवं भर्त्सना गर्दछौं । नेपालको राष्ट्रिय स्वाधीनतामाथि पटक पटक हुँदै आएको भारतीय हस्तक्षेप र आक्रमणको विरुद्धमा साहनीले गरेको अभिव्यक्तिको प्रतिवादमा भारतीय दलालहरूले गरेको आक्रमण नेपालको राष्ट्रिय स्वाधीनतामाथिको आक्रमण हो । हामी सबै देशभक्त तथा प्रगतिशील तप्काले एक ढिक्का भएर यस्तो आक्रमणको कडा विरोध जनाउन समेत अपील गर्दछौं ।'

# देशको वर्तमान परिस्थिति र हाम्रो दायित्वबारे

**आम जनसमुदायका नाममा क्रान्तिकारी माओवादीको अपिल**



**आदरणीय जनसमुदाय,**

देश र जनताको हित र मुक्तिका लागि हामीले विभिन्न जनआन्दोलनका साथै जनयुद्ध पनि सञ्चालित गऱ्यौं । जनताका छोरा छोरीहरूले ठूलो सङ्ख्यामा सहादत प्राप्त गरे । कैयौं बेपत्ता पारिए र कैयौं घाइते अपाङ्ग बनाइए । जनताको रगतमा उभिएर कैयौं सरकार बने, संविधान फेरिए । नयाँ भनिने संविधान पनि बने आफूलाई प्रजातन्त्रवादी र वामपन्थी बताउनेहरू पनि सरकारमा गए । तर पनि देशमा किन उज्यालो भएन ? जनताका आशा, अपेक्षा र सपना किन साकार भएनन् ? राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या किन बिकराल बन्दै आएका छन् ? देश अझैं पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा मूलतः नवऔपनिवेशिक अवस्थामा किन छटपटाइरहेको छ ? यी प्रश्नबारे अब फेरि पनि गंभीरतापूर्वक सोच्नुपर्ने बेला भएको छ ।

राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न यो बेला अत्यन्तै गंभीर बन्न गएको छ । भारतीय शासक वर्गले कालापानी, सुस्ता, महेशपुर लगायतका नेपाली भूभागलाई मिच्दै र कब्जा जमाउँदै आएको छ । त्यति मात्र होइन, अझ गम्भीर विडम्बनाको विषय के छ भने त्यसले दार्चुलाको कालापानी क्षेत्रलाई भारतमै गाभेर नक्सा बनाएको छ र नेपाल सरकारको नक्सामा पनि काला पानी क्षेत्रलाई नेपालबाट हटाइएको छ । भारतीय शासक वर्गले नेपालका कोशी, गण्डकी, महाकाली, कर्णाली नदीका अपार जल सम्पदा, जडीबुटीसहित प्राकृतिक स्रोत साधनहरू हडप्दै आएको छ । एकातिर भारतीयहरूलाई निर्बाध रूपमा नागरिकता दिएर जनसङ्ख्या अतिक्रमण गर्दै आउने काम भएको छ भने अर्कोतिर मधेस तराई सहितका विभिन्न ठाउँमा सच्चा नेपालीहरूलाई अझै पनि नागरिकता प्रदान गरिएको छैन । यसका साथै भारतीय विस्तारवादले नेपालको राष्ट्रिय सुरक्षा र परराष्ट्र मामिलामा निरन्तर हस्तक्षेप गर्दै आएको छ । यहाँनेर विशेष ध्यान दिनुपर्ने कुरा के छ भने उक्त सबै हस्तक्षेपको प्रतिवाद गर्नुको सट्टा नेपालको दलाल सरकार भारतीय शासक वर्गका अगाडि लम्पसार परेर झुक्तै आएको छ ।

देशमा लोकतन्त्रको स्थिति पनि अत्यन्तै नाजुक छ । आज देशमा जुन लोकतन्त्र छ, त्यो जनताको नभई मुठ्ठीभर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गको लोकतन्त्र हो । मजदुर, सुकुम्बासी, कमैया, हरूवा, ...बाँकी ६ पेजमा

## सम्पादकीय

# निरीह सरकार

निकै ठूलो जनअपेक्षसहित दुईतिहाई मत दिएर जनताले पठाएको वाम भनिएको बहुमतको सरकार निरीह साबित भइसकेको छ। निर्माणभएको छसात महिना पनि बित्न नपाउँदै वाम भनिएको सरकार यस्तो अवस्थामा पुगेको हो। इतिहासकै बलियो हुने छ भनिएको यो सरकार यस्तो अवस्थामा पुग्नुमा बाह्य कारकहरू निकै गौण र कम छन्। तर यसको भित्री कारकहरू निकै गम्भीर र दीर्घकालीन असर पार्ने खालका छन्।

सरकारले यसबीचमा निर्वाधरूपमा काम गर्न पनि पाएको छ। उसलाई अप्ठेरो पार्न सक्ने हैसियतमा उसको प्रतिपक्ष नेपाली कांग्रेस पनि छैन। उसको प्रतिपक्ष नेपाली कांग्रेस हाल आफै प्रतिरक्षामा रहेको छ। एक त उसले प्रतिपक्षका लागि प्राप्त गर्नुपर्ने हैसियत वा मत पनि प्राप्त गर्न सकेको छैन। दोस्रो, ऊ आफैभित्रको आन्तरिक अन्तरविरोधका कारणले थिलथिलो परेको छ। संसदीय व्यवस्थामा सैद्धान्तिक रूपमा एउटा बलियो प्रतिपक्ष नभएको खण्डमा सरकार तानाशाही बन्नसक्ने आशंका पनि गरिन्छ।

तर नेपालको वर्तमान वाम भनिएको सरकार आफूले कामको प्राथमिकीकरण गर्न नसक्ने, हावादारी कुरा बढी गर्ने, रणनीतिक र काल्पनिक गफहरू उडाउने, आन्तरिक छलफल र बहस पनि नगर्ने, दुईतिहाइको प्राविधिक दम्भ ओकल्ने तथा आलाकाँचा कुराहरू मात्र गरेर दिन काट्ने भएकाले यो पतनको दिशामा अघि धकेलिइरहेको छ। यति छोटो समयमै यसको स्खलन आफैबाट सुरु हुन गएको छ।

बहुमतको सरकार भनेको आवधिक निर्वाचनमार्फत् पाँच वर्षका लागि निर्धक्क सरकार चलाउन जनताले दिएको ताजा जनादेश हो। यो भनेको जनताका चाहना र आवश्यकता पनि संबोधन होऊन् भन्ने हो। सरकार दम्भ प्रदर्शन गर्न र आडम्बरीपूर्ण व्यवहार देखाउनका लागि होइन। तर प्रधानमन्त्री ओलीको नेतृत्वमा बनेको वर्तमान सरकार यही कुरामा निर्लिप्त रहन पुगेको छ।

यसको हातमा न त देशको प्रशासनिक प्रशासन देखिन्छ, न त फौजी प्रशासन नै। यसले दिएको र लगाएको विकास र समृद्धिको नारा कार्यान्वयनका लागि न त कुनै रणनीतिक योजनाहरू छन् न त कार्यनीतिक योजनाहरू नै। यसले नेपालीको जीवनमा तत्काल र दीर्घकालीन रूपमा पनि खासै असर नपार्ने रेलका कुरा, पानीजहाजका कुरा, सामुद्रिक बन्दर गाहका कुरा मात्र गरिरहेको छ। रेल, पानीजहाज, सामुद्रिक बन्दरगाह त नेपालका सामानहरू विदेशमा पैठारी गरिनका लागि आवश्यक हो। भारत र चीनका सामानहरू नेपालीहरू माझ त अहिले पनि बेचिइरहेका छन्। नेपालको बजार कति ठूलो छ र रेल तथा पानीलजहाजबाट यहाँ उपभोगका लागि सामानहरू आपूर्ति गरिइनु जरुरी परेको होला ? बरु नेपालीका जनजीवन कसरी उँभो लगाउने हो, यसबारेमा सोचिनु जरुरी छ।

दैनिक सुरक्षा र प्रशासनिक कामहरूमा वाम नामको ओलीको सरकार निकै असफल रहँदै आएको छ। निर्मला बलात्कार तथा हत्या काण्डको दुई महिनाहरू बितिसके। पीडितको न्यायको माग गर्दै कञ्चनपुरदेखि काठमाडौंसम्म जनस्तरमा न्यायको खोजी गर्दै आन्दोलनहरू पनि भए। सरकारी कुनै निकाय बाँकी रहेन भनसुन र भेटघाटका लागि। फेरि कञ्चनपुरका स्थानीय जनता उनको न्यायका लागि अर्को आन्दोलन संगठित गर्दै छन्। प्रहरी प्रशासन यो वाम भनिने सरकारको मातहतमा भएको देखिदैन। यो अपराधको घरमा परिणत हुन गएको छ।

अध्यागमनमा तस्करका रूपमा प्रहरीको सेटिङ छ। देशभर प्रहरी अपराध ढाकछोप र पैसा असुलीको सेटिङमा छ। वनमा प्रहरी काठ तस्करीको सेटिङमा छ। सिमानामा प्रहरी भारतीय बोनस बुझ्ने सेटिङमा छ। जहाँ जे काम नियमन र कार्यान्वयनका लागि पठाइएको जनतासामु भनिन्छ, सरकारबाट नै यो त्यहाँ ठीक सो कामको विरुद्ध सेटिङमा राखिएको छ। राजनीतिक तथा राष्ट्रिय स्वाभिमानका रूपमा हेऱ्यौं भने यो सरकार भारतीय विस्तारवादको छायाँमुनि रहेको छ। आर्थिक रूपमा माफियाहरूको जबर्जस्त सेटिङमा चलिरहेको छ यो सरकार।

जवाफदेहिताको कहीं पनि ठाउँ छैन। गृहमन्त्री रामबहादुर थापाले संसदमा गैरजिम्मेवारपूर्ण जबाफ दिन्छन्। निर्मला बलात्कार तथा हत्या पुँजीवादले गऱ्यो भन्छन्। देशका प्रधानमन्त्री तथा मन्त्रीहरू हास्यपात्र बनेका छन्। अझ हाँसोको कुरा त के छ भने यस्ता निकम्मा र त्राणप्राण नभएको सरकारले समाजवाद निर्माणको कुरा गरिरहेको छ।

देशमा यातायात सिण्डिकेट कायमै छ। सुन तस्करहरू छुटेकै छन्। सुन तस्करी संस्थागत भएको छ। देशभर जंगल फँडानी र काठ तस्करी फस्टाएको छ। छारीचेली बलात्कारको सीमा नै छैन। नदीहरू बेचिइरहेका छन्। घुसखोरी चरम चुलीमा छ। महंगीले सगरमाथा छोएको छ। आफै भ्रष्टाचार गर्न सुपथ मूल्य पसलका नाममा थप नीतिगत र संस्थागत भ्रटाचारीमा सरकार तम्सिएको छ। समग्रमा सरकार निरीह छ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# क्रान्तिमा युवाहरूको भूमिका–१


दिनेश शर्मा 'सागर'

**"केही तन्नेरीहरू तीन जनसिद्धान्त वा मार्क्सवादप्रति आफ्नो विश्वास छ भन्ने कुरा खुब बढाई चढाई सुनाउने गर्छन, तर यस्तो गफले कुनै पनि कुरा सिद्ध गर्दैन। हिटलर "समाजवाद"प्रति विश्वास छ भन्ने कुरा गर्दैन र ? बीस वर्ष मुसोलिनी पनि "समाजवादी" थियो। अनि उनीहरूको समाजवादीको अर्थ के हो त ? यसको अर्थ हो फासिष्टवाद। एक ताका छन् तु–श्यू मार्क्सवादमा "विश्वास" गर्दैन थियो र ? पछि उसले के गऱ्यो ? उ प्रतिक्रान्तितिर लाग्यो। चाङक्व थाओ मार्क्सवादमा "विश्वास" गर्दैन थियो र ? अचेल उ कहाँ छ त ? उ भागेर रछ्यानमा गाडिएको छ। केही मानिसहरू आफूलाई "तीन जनसिद्धान्त" का अनुयायी बर अझ यी सिद्धान्तहरूका पुराना कट्टर समर्थक ठान्दछन्। तर तिनले के गरेका छन् त ? वास्तवमा तिनको राष्ट्रवादको साँचो अर्थ हो साम्राज्यवादीहरूसँग साँठगाँठ गर्नु, तिनको जनवादको साँचो अर्थ हो साधारण जनतामाथि थिचोमिचो गर्नु र तिनको जनजीविकाको सिद्धान्तको साँचो अर्थ हो जनताको रगत चुस्नु। ..... म के आशा गर्नु भने हाम्रो देशका युवाहरू यस अपराधपूर्ण विरोधी धारतिर वहकिने छैनन् बरु यसको सट्टा मजदुर र किसानहरूलाई आफ्ना साथीसरह ठान्दै उज्यालो भविष्यतिर लम्कने छन्।"**

***-माओ, चुनिएका रचनाहरू नेपाली संस्करण भाग-२ पृष्ठ २१७***

**१. विषय प्रवेशः**

आजभन्दा करिब ७९ वर्ष अघि माओद्वारा ४ मई १९३९ मा रचित "युवा आन्दोलनको दिशा" शीर्षकको रचना यतिबेला हाम्रो देशका सन्दर्भमा, यहाँका शासकहरूका सन्दर्भमा, यहाँका नक्कली "कम्युनिस्टहरू" सन्दर्भमा त्यति नै मिल्दो विश्लेषण र क्रान्तिकारी युवाहरूका निमित्त मार्ग दर्शक छन्। उक्त लेखको अंश पढ्दा माओले हाम्रै देशका निमित्त लेखेर जानु भएझै लाग्छ। त्यसैले विगतदेखि वर्तमानसम्म आईपुग्दा नेपालको राष्ट्रिय राजनीतिक इतिहासमा परिवर्तनका पक्षधर, देशभक्त युवाहरूको भूमिका कस्तो रह्यो र अगामी दिनमा अझै कति गर्न बाँकी छ भन्ने कुराको लेखाजोखा गर्न आवश्यक छ। कम्युनिस्टको खोल ओडेर प्रतिक्रियावादमा पतन भएका गद्दारहरूको यतिबेलाको शासनकालमा आम नेपाली जनता उत्पीडन र दमनको चर्को शासन व्यहोरिरहेको अवस्थामा समेत चाहे राष्ट्रियताको लडाई होस् चाहे जनतन्त्र र जनजीविकाको सवालमा होस् क्रान्तिकारी युवाहरूको एउटा पंक्तिले सामाजिक सञ्जालमार्फत व्यापक भण्डाफोर मात्र होइन आफ्नै रचनात्मक फर्मुलामार्फत विरोध गर्ने काम शसक्त रूपमा गरिरहेका छन्।

हामीले इतिहासमा के देखेका छौ भनेर माओले जतिवेला युवाहरूलाई आव्हान गरेर उक्त रचना गर्नु भएको १० वर्षको अन्तरालमा त्यहाँका युवाहरूले सामन्तवादको शासन सत्ता पल्टाई दिएर साम्राज्यवादलाई धुलो चटाए। जनताको जनवादी सत्ता स्थापना गर्न सफल भए। यसको कारण थियो माओका उक्त मार्गदर्शक सिद्धान्तलाई दरोसँग आत्मसाथ गर्नुका साथै सिद्धान्तलाई व्यवहारमा मिलाउनु। त्यसैले यतिवेला मालेमावादका मार्गदर्शक सिद्धान्तको गहिरो अध्ययन गर्नु, त्यसलाई आत्मसाथ गर्नु र श्रृजनशील भएर त्यसलाई व्यवहारमा उतार्ने आँट र हिम्मत गर्नु आजका नेपाली युवाहरूको मुख्य कर्तव्य हो। त्यसका लागि हाम्रो आफ्नै इतिहासलाई केलाएर हेर्न आवश्यक छ। किनकी देश र जनताका लागि समानता र मुक्तिका लागि नेपाली युवाहरूले के के गरे ? भविष्यमा गर्न बाँकी के छ ?

**२. प्रारम्भदेखि राणाकालसम्म**

सर्वहारावर्गका महान् गुरुहरू मार्क्स तथा एंगेल्सले मानव जातिको उत्पत्ति र त्यसले विकास गरेका प्रक्रियाहरू मुताविक नेपालमा आदिम साम्यवादी समाज तथा दाशकालीन समाज संग ठ्याक्कै मिल्दा र उदाहरण योग्य लिखित इतिहास त हामी पाउँदैनौ तर कतिपय स्थान र अवस्थामा आदिम साम्यवादी समाजका पनि र दाशकालीन समाजसँग मेल खानेप्रकारका कतिपय उदाहरण भने हामी पाउँछौं। मुख्य गरी जब समाजमा शोषण, दमन र उत्पीडनका प्रकृयाहरू स्वयम् शासन सत्तामा बसेकाहरूले र सत्ताका आडमा समाजका एकाथरि मानिसहरूलाई शोषण, दमन र उत्पीडन गर्ने प्रक्रियाको सुरुवात भएदेखि नै समाजका एकाथरि मानिसहरू मुख्यत युवाहरूले कुनै न कुनै तवरबाट सशक्तरूपमा विरोध गर्दै, संघर्ष गर्दै आएको इतिहास हाम्रा सामु छ। नेपाली समाजका तत्कालीन चेतनाको स्तरअनुरूप संघर्षका रूपहरू तय भएको पाइन्छ। कतिपय आन्दोलनहरू धार्मिक आडमा अगाडि बढेको पनि हामी पाउँछौं।

साम्राज्यवादी वृटिसले भारतमा आएर उपनिवेश कायम गरेको र नेपाललाई उपनिवेश बनाउन नेपालका विभिन्न नाकाबाट सैन्य हस्तक्षेप बढाउँदा सच्चा देशभक्त युवाहरूले भूटेको मकै र पानी खाएर लडेका थिए। पुरुष युवा मात्र होइन महिलाहरूले समेत पिठ्यूमा बच्चा बोकेर लडेको इतिहास हाम्रा सामू साक्षी छ। युवा युवतीहरू आफ्नो जीवनको प्रवाह नगरी आफ्नो देशको रक्षाका खातिर लड्दालड्दै सामन्ती राजतन्त्रले घुँडा टेकेर सुगौली सन्धि गऱ्यो र नेपाललाई उपनिवेश बनाउने बाटो खोल्यो। दलाल चरित्रको अभ्यासको पहिलो सुरुवात भयो। यद्यपि उक्त नीतिको पनि स्वाभिमानी देश भक्तहरूले विरोध गरिरहे। सामन्ती राजतन्त्र मात्र होइन राजतन्त्रको छत्रछायाँमा गठन भएको राणाहरूको सरकार झनै दलाल बन्दै गएको कैयौं दृष्यान्त हाम्रा सामू ताजै छ।

(ख) बेलायती साम्राज्यवादले एकातिर सेना पठाएर विभिन्न नाकाबाट आक्रमण गर्ने अर्कोतिर सामन्तवादका प्रतिनिधि राजतन्त्रका बीचको दरबारिया झगडाबाट फाइदा उठाउँदै आफ्ना दलाल जंगबहादुर राणालाई अधिकार सम्पन्न गराउन आजभन्दा १ सय ७१ वर्ष ९ महिना अगाडि वि.सं. १९०३ आश्विनमा (सन् १८४६ सेप्टेम्बर १५) का दिन सायद वेलायती साम्राज्यवाद विरोधीका रूपमा देखिएका युवाहरूलाई कत्लेआम गर्ने कोतपर्व जस्तो घटना घटाएर जंगबहादुरको उदय भएको थियो। जसले १०४ वर्षसम्म अत्यन्तै कहाली लाग्दो राणाहरूको शासन कायम गऱ्यो।

त्यस अवधिमा युवाहरूले कहिले धार्मिक आडमा त कहिले राजनीतिक पार्टी गठन गरेर, कहिले साहित्य रचना मार्फत साम्राज्यवाद, विस्तारवादका विरुद्धको आन्दोलनसँगसँगै साम्राज्यवाद र विस्तारवादका दलाल पाल्तु कुकुरहरू जसले नेपालको राज्यसत्ता हातमा लिएर राष्ट्र, राष्ट्रियता कमजोर बनाउनेदेखि जनतामाथि शोषण, दमन, अन्याय र अत्याचार थोपर्ने राणाहरूको शासन होस् या शाही शासनका विरुद्ध संघर्षहरू गर्दै आए। कैयौ होनाहार युवाहरूले आफ्नो जीवनको आहूति दिए। वर्षौं वर्ष जेल जीवन विताएर पनि खबरदारी गरी रहे।

राज्य सत्ताको संरचना कस्तो हुन पर्छ र कुन वर्गका हातमा राज्य सत्ता आउन पर्छ भन्नेमा फरक-फरक विचार वा धारणा भएता पनि साम्राज्यवाद, विस्तारवादको थिचोमिचो र तिनका दलालहरूको निरकुंश शासनको अन्त्य कसरी गर्ने भन्नेमा समान धारणा जस्तै थियो। जसले गर्दा वि.स. १९३३ साल (सन् १८७६) मा गोर्खाका युवक लखन थापाको नेतृत्वमा भएको विद्रोह। वि.स. १९७१ साल (सन् १९१४) मा रामेछापका कृष्णलाल अधिकारीद्वारा रचित "मकैको खेती" नामक पुस्तक। वि.स. १९७८ साल (सन् १९२१) मा देहरादुनमा गठन भएको "गोर्खालिग"। वि.स. १९८७ साल (सन् १९३०) मा गठित "प्रचण्ड गोर्खा" नामको राजनीतिक पार्टी। वि.स. १९९३ साल (सन् १९३६)मा काठमाडौंमा गठन भएको "नागरिक अधिकार समिति"। वि.स. १९९७ साल (सन् १९४०) मा गठित "प्रजापरिषद" नामको पार्टी। वि.स. २००३ साल (सन् १९४६) मा गठन भएको "नेपाल राष्ट्रिय कांग्रेस" पार्टी। वि.स. २००६ साल (सन् १९४६) मा गठित नेपाल कम्युनिस्ट पार्टी। वास्तवमा वस्तुगत आवश्यकता र मानव चेतनाको उपज थिए। त्यसमा मुख्यत नेपाल कम्युनिस्ट पार्टीको स्थापना उच्च चेतनाको रूपमा आएको थियो।

लखन थापाको नेतृत्वमा सुरु भएको संघर्ष कृष्णलाल अधिकारी हुँदै नागरिक अधिकार मञ्चको नेतृत्वमा, प्रजापरिषदको नेतृत्वको संघर्षसम्म आई देश र जनताका निमित्त केही गरौ भन्ने युवाहरूलाई साम्राज्यवाद, विस्तारवादको कठपुतली राणाहरूको सरकारले सामन्तवादी राजाहरूको सत्ताले व्यापक मात्रमा दमन गरे चर्को यातना दिए, गिरफ्तार गरेर जेलमा राखे र हत्या गरे। तर पनि आन्दोलन रोकिएन बरु सशक्त र सशस्त्र रूपमा अगाडि बढ्यो खास गरी नेपाली राष्ट्रिय कांग्रेसको गठन र त्यसले ल्याएको नीति, योजना र कार्यक्रम राणाहरूको सरकारसँग, मुख्यत सामन्तवादको नायक राजतन्त्रसँग सम्झौता गर्ने नीतिमा जोड रहेका कारण नेपालमा सर्वहारा वर्गको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेर आफ्नो वर्गीय पक्षधरता र सर्वहारा वर्गीय सत्ताको स्पष्ट खाका तयार हुनुले मुख्यत किसान र मजदुर वर्गमा छुट्टै उत्साह पैदा भयो। विराटनगर जुट मिलबाट सुरु भएको आन्दोलनले अन्तत आफैले निर्माण गरेको ट्र्याक्टरलाई ढाल बनाएर राणा शासनका विरुद्ध गोला र वारुद्ध समेत प्रयोग गरेर सशस्त्र रूपमा सहकया निस्केका थिए। यद्यपि कम्युनिस्ट पार्टीले आफ्नो संगठन विस्तार देशव्यापी बनाउन नसकिरहेको अवस्थामा आन्दोलनलाई निर्णायक तहमा पुऱ्याउन आत्मगत अवस्था कमजोर भएका कारण सम्भव भएन तर बुझ्नुपर्ने मुख्य कुरा के हो भने कामी बुढा देखि कम्युनिस्ट पार्टी गठनसम्म र प्रत्येक आन्दोलनको नेतृत्व गर्ने सबै युवाहरू नै थिए। देश र जनताको पूर्णमुक्ति हुन नसकेता पनि राणाहरूको जहाँनिया शासन अन्ततः समाप्त भयो। नेतृत्व मात्र होइन संघर्षमा लामबद्ध हुनेहरू युवाहरू नै थिए भन्ने कुराको इतिहास कसैले पनि छोप्न सकैन।

...बाँकी ७ पेजमा

*क्रमशः...*

## झर्रोटर्रो

kailubraha73@gmail.com

कैलुब्राह

# हे बरै...हे बरै....

हे बरै ... हे बरै ...२
मार्क्सले सोध्लान् नि, खै पुँजी भन्लान् - २
बेची खाए रे भन्दिए - २
एङ्गेल्स सोध्लान् नि खै दर्शन भन्लान् - २
पतनै गरे रे भन्दिए - २
लेनिनले सोध्लान् नि, खै क्रान्ति भन्लान् - २
भ्रान्ति भयो रे भन्दिए - २
स्टालिन् सोध्लान् खै, राष्ट्रियता भन्लान् - २
कुर्चीमा साटे रे भन्दिए - २
माओले सोध्लान् नि, खै विचार भन्लान् - २
कुविचार भयो रे भन्दिए - २
चे ग्वेले सोध्लान् नि, खै सेना भन्लान् - २
विघटन् गर्दिए भन्दिए - २
गोञ्जालाले सोध्लान् नि, खै युद्ध भन्लान् - २
आत्मसमर्पण गऱ्यो नि भन्दिए - २
होचि मिन् सोध्लान् नि, खै सुरुङ भन्लान् - २
दक्षिणले भाट्यो रे भन्दिए - २
पुष्पलाल सोध्लान् नि, खै जनवाद भन्लान् - २
धनवादमा बद्ल्यो रे भन्दिए - २
सहिदले सोध्लान् नि, खै वलिदान भन्लान् - २
सूर्यले निल्यो रे भन्दिए - २
जनताले सोध्लान् नि, खै सत्ता भन्लान् - २
मयाँ मार रे भन्दिए - २
भाइचाराले सोध्लान् नि, खै पार्टी भन्लान् - २
पोइल गयो रे भन्दिए - २
सँगैका साथी नि फुटी गए,
मेरो त ऐले क्यै नाम छैन।
गुरु त मेरा एस.डी. भए,
वैद्यको मलाई क्यै काम छैन।
सत्ता र धनैले वुद्धि नै खायो,
अब त त्यस्को नि काम छैन।
हे बरै... हे बरै...
नेता त रुन्छन् नि चुनाउका दिन
जनता त जुनी नै भरी लौ हजुर।
१३ असोज २०७५

## कालापानी...

प्रहरीका पूर्वअधिकृतको परिचय राखेर नारायण चन्द ठाकुरले ब्लगमा राखेको यो नक्सामा पनि कालापानी क्षेत्र छैन। भारतबाट सञ्चालित पहार डट. कम. डट इन नामक अनलाइनले त अनधिकृतरूपमा नेपालको नक्सा निशुल्क डाउनलोड गर्न मिल्ने बनाएको छ। अमेरिकाबाट सञ्चालित ओमनी म्याप डटकमले गैरकानूनीरूपले नेपालको नक्सा १४ डलरमा बेच्दै आएको छ। गुगल लगायत सर्च इन्जिनमा स्रोत नखुलाएका यस्ता अनधिकृत नक्सा बग्रेल्ती भेटिन्छन्। तर, इन्टरनेटमा गलत नक्सा कहाँबाट कसले अपलोड गरिरहेको छ भन्नेतिर सरकारले खोजबिन नै गरेको छैन।

स्रोत नखुलाई, अनधिकृत वा गलत नक्सा प्रकाशन गर्नेलाई २० हजार रूपैयाँ जरिवानादेखि सामग्री जफत गर्ने नेपालको कानूनी प्रावधान छ। नापी विभागका अनुसार नेपालको पश्चिमोत्तर कालापानी भनिने क्षेत्र हटाउँदा करिब ३५ सय हेक्टर भूभाग गायब हुन्छ। यस्ता त्रुटीपूर्ण नक्साको प्रयोग र प्रसार रोक्ने पहल सरकारले नगर्नुले सरकारी निकायमाथि नै गम्भीर र संवेदनशील प्रश्नहरू उठिरहेका छन्।

## क्रान्तिकारी...

विना पौडेल, प्रेम भुजेललगायत पूर्ण र रामजश महतो, फेकन यादव, राजेश्वर यादव, राम राना, सिताराम यादव, रंगीलाल यादव, रामप्रित साहलगायत वैकल्पिक रहेका छन्।

सम्मेलनमा पार्टीका केस महेश यादवको उपस्थिति रहेको थियो। विशालको अध्यक्षतामा सम्पन्न सम्मेलनको सञ्चालन प्रेम भूजेलले गरेका थिए।

# शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा
हाम्रा गाउँपालिकाबासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !



**खेमराज ओली**
अध्यक्ष


**दीपाकुमारी बीसी**
उपाध्यक्ष

वडाध्यक्षहरू

● नरबहादुर राम्जाली-१ ● रतन रावल-२ ● गंगाराम खत्री-३ ● खड्ग बहादुर शाही-४
● सुरेन्द्र कुमार महरा-१ ● हिमबहादुर ओली-६ ● हुकुमबहादुर खत्री-७ ● पूर्ण बहादुर ओली-८

## गुराँस गाउँपालिका दैलेख






**शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड**
थापाथली, काठमाडौं, फोन नं. ०१-४२४६१०१, ०१-४२४६१०२



# शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

ज्ञानप्रसाद खनाल, वडाध्यक्ष
तथा
सम्पूर्ण वडा परिवार
भरतपुर महानगरपालिका वडा नं. २६, चितवन



# शुभकामना

आउँदै गरेको विजया दशमी, शुभ दीपावली तथा छठ पर्वलगायत सम्पूर्ण चाडपर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सान्जेन जलविद्युत कम्पनी लिमिटेड, परिवार**
महाराजगञ्ज, काठमाडौं ।

## संघर्षको...

दिएका थिए ।

राष्ट्रिय क्रान्तिकारी वुद्धिजीवी मञ्च नेपालका अध्यक्ष हुकुमबहादुर सिंहले विद्यार्थी उदाउँदो सूर्य भएकाले यसले अबको आन्दोलनको अगुवाई गर्नुपर्ने बताए । २०३६ सालको विद्यार्थी आन्दोलनको स्मरण गर्दै उनले फेरि पनि विद्यार्थी जुर्मुराएमा देशले मुहार फेर्ने कुरामा जोड दिंदै एकताबद्ध विद्यार्थी आन्दोलनमा जान पनि जोड दिए ।

भेलामा नेकपा (विप्लव) निकटका अनेरास्ववियु (क्रान्तिकारी) महासचिव प्रकाश शाही, नयाँ शक्ति पार्टी निकट नयाँ शक्ति विद्यार्थी युनियनका उपाध्यक्ष विवेक ओली, नेपाल विद्यार्थी संघकी सम्झना खत्री, राष्ट्रवादी विद्यार्थी संघका बलदेव, पूर्व माओवादी निकट विद्यार्थीका उपाध्यक्ष सुरेन्द्र बस्नेत, अनेरास्ववियु पाँचौका घनश्याम मिश्र, नेकपा निकटका विद्यार्थी संगठनका अध्यक्ष जागृत रायमाझी, अनेमसंघ (क्रान्तिकारी) का सचिव शारदा महतलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको उद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरू तथा सहभागी सबै विद्यार्थीहरूलाई संगठनका सचिव पेशल दाहालले स्वागत गरेका थिए भने अध्यक्षता सेवन्त राज भण्डारी र सञ्चालन राम नेपालीले गरेका थिए ।

भेलामा अतिथिका रूपमा मोहन वैद्य किरण, सीपी गजुरेल, रामसिंहश्रीस, दिनेश शर्मा, हुकुबहादुर सिंह, कृष्णभक्त महर्जन, सुरेश श्रेष्ठ, हरिकृष्ण गजुरेल, अमिर महर्जन, ईश्वर तिमिल्सिना, शारदा महत, वसन्त, घनयाम मिश्र, सुरेन्द्र बस्नेत, बलदेव, सम्झना खत्री, विवेक ओली, प्रकाश ओलीको उपस्थिति रहेको थियो ।

कार्यक्रमको बीचबीचमा सांस्कृतिक कार्यक्रमहरूका साथै गीत र कविताहरू पनि वाचन गरिएको थियो ।

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा महानगर वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**शशीलाल श्रेष्ठ- वडाध्यक्ष का.म.न.पा.वडा नं. १९**

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा गाउँपालिकाबासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिवहिनीहरूमा हार्दिक शुभकामना !

प्रेमबहादुर बुढा
अध्यक्ष

**भैरवी गाउँपालिका दैलेख**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**राजेश ढुवानी सेवा**
घोराही-३ मानपुर, दाङ

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

जंगबहादुर राना, प्रबन्धक
**स्याङजा समुद्रा गेष्ट हाउस**
मित्रनगर, नयाँ बसपार्क, काठमाडौं । फोन नं. ०१-४३५८१३६

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

जुनालाल सापकोटा, प्रबन्धक
**वाग्लुङ जीविका गेष्ट हाउस**
मित्रनगर, नयाँ बसपार्क, काठमाडौं । फोन नं. ९८४३४५०९३८

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

नवराज थापा, प्रोपराइटर
**बुद्धनगर ग्रिल वर्कशप परिवार**
बुद्धनगर, विभुति मार्ग, काठमाडौं । सम्पर्क नं. ९८४१२७५८४३

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**ग्रुप अफ कम्पनी**
**नेपोलियन हेल्थ केयर सेन्टर**
सामाखुशी, टाउन प्लानिङ, काठमाडौं । फोन : ९८४९८३०६४०

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

राज केसी, प्रबन्धक
**अलअमल ओभरसिज प्रा.लि.**
सामाखुसी, टाउन प्लानिङ, काठमाडौं । फोन नं. ९८४१०३८४६१

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

प्रताप पुन, प्रबन्धक
**म्याग्दी दोहोरी**
गोङ्गबु नयाँ बसपार्क, मित्रनगर, काठमाडौं । फोन नं. ९८५१०१९३०५

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

प्रो. नवराज थापा
**बुद्धनगर ग्रिल वर्कशप परिवार**
बुद्धनगर, विभुति मार्ग, काठमाडौं । सम्पर्क नं. ९८४१२७५८४३

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**बारा-चितवन निर्माण सेवा**
राप्ती-३, मानपुर, दाङ

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

थमबहादुर छन्त्याल, प्रबन्धक
**धौलागिरी डेभलपमेन्ट एण्ड कम्पनी**
गोङ्गबुचोक, गङ्गबु काठमाडौं । फोन नं. ९८५१०३८४४१

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**सगरमाथा ढुवानी सेवा**
घोराही-३ मानपुर, गोग्ली

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

प्रकाश विष्ट
प्रबन्ध निर्देशक
**विष्ट स्वास्थ्य पोलिक्लिनिक**
राप्ती गा.पा.-८ देउखुरी, दाङ

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**बाराही सुनचाँदी गहना पसल**
शिवाली चोक, हाँडेगाउँ-१, ललितपुर

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

चक्रबहादुर खड्का, प्रोप्राइटर
**बेबिका फर्निचार उद्योग**
लमही-५. कोलही, दाङ, ९८५७८४००६४

**हाम्रा सेवाहरू-** *काठबाट बन्ने झ्याल, ढोका,चौकोस, पलङ, दराज, सोफासेट,बक्स पलङ,कुर्सी, टेबुल आदि सर्वसुलभ मूल्यमा डेलिभरीसहित उपलब्ध छ ।*

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**खोटाङ हरेसी महादेव सप्लायर्स**
ललितपुर

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

रघुनाथ भण्डारी, अध्यक्ष तथा
**सरस्वती नगर सुधार संघ परिवार**
का.म.न.पा.-६ बौद्ध सरस्वती नगर, काठमाडौं

# शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिवहिनीहरूमा हार्दिक शुभकामना !

2011 A.D.

कार्यकारी प्रमुख
तथा
**रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड**
महाराजगञ्ज, काठमाडौं । फोन :- ०१-४३७१७४४, ४३७१७९४

# शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिवहिनीहरूमा हार्दिक शुभकामना !

**चिरञ्जीवी खनाल**
तथा
**समाजसेवी**
योगीकुटी, तिलोत्तमा नगरपालिका वडा नं. ३, रूपन्देही

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
**यादव मोटरसाइकल वर्कशप**
घोराही–३ मानपुर, दाङ

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
**अनिश स्टाफ होटल**
घोराही–३ मानपुर, दाङ, ९८१२८०४८८७

---



विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा

## हार्दिक शुभकामना !

वडा अध्यक्ष
**धन बहादुर कार्की**

शाखा प्रबन्धक : राम शर्मा
**एनएमवी बैंक लि**
मुर्गीया शाखा,
सैनामैना, रूपन्देही

**नमस्ते शुभ वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पुलचोक, ललितपुर, फोन : ०१-५००९२११/५००९२१२
इमेल : namestesubha@wlink.com.np

मनिराम चौधरी
**मनिराम डेरी फर्म**
राप्ती गाउँपालिका वडा नं. ५ सिसनिया, दाङ

**पदम लामा**
केन्द्रीय सदस्य
अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा

**दिनेश लामा**
जगाती, भक्तपुर

**गणेश पौडेल**
चाँगुनारायण नपा, भक्तपुर

वडा अध्यक्ष
**कमल प्रताप थापा**
बु. उ. म. न. पा.,
वडा नं. ७, रूपन्देही

**नमस्ते शुभ सेभिङ एण्ड क्रेडिट फाइनान्स**
काठमाडौं

**पदम मोक्तान**
भक्तपुर

प्रिन्सिपल : श्रीधन राई
**सेन्ट जोसेफ स्कूल**
धरान-१७
फोन : ०२५-५२३२६४

प्रोपाइटर : निर्मल बज्राचार्य
(९८४२०४०२८२)
**अरनिको ग्लास एण्ड फ्रेमिङ्ग**

प्रिन्सिपल : मिलन राई
**सुनाखरी एकेडेमी**
धरान-१२, चतरा लाइन
मो. : ९८६०७०५५०७

केन्द्रीय उपाध्यक्ष :
चन्द्रबहादुर खापुङ (९८५२०४५१५८)
**संघीय लोकतान्त्रिक राष्ट्रिय मंच संघीय लिम्बुवान मंच नेपाल**

**सयपत्री अर्गानिक एग्रो स्टोर**
धरान-३, कृष्ण पाख्रिन मार्ग
फोन : ०२५-५२८१४८

प्रोपाइटर : अजित कुमार ठाकुर
**महागौरी मेडिकल हल**
धरान-१८
मो. : ९८४२०५३०७२

**गुरुङ लेखापढी सेन्टर**
धरान-१६, मालपोट कार्यालय अगाडि
*कालुराम गुरुङ : ९८४२०५६००*
*योगेन्द्र प्रसाद बजागाँई : ९८४२०५३१५४*
*विष्णु प्रसाद अधिकारी : ९८४२०५६०२५*

Principal: Santosh Rai
**Sagarmatha College**
Dharan: 3 Ph. : 025-533080/533974
Mob. : 9852049697

वडा अध्यक्ष
रत्न बहादुर कटुवाल
मो. : ९८६२१६४४४५
**९ नं वडा कार्यालय**

प्रोपाइटर :
*सन्तोष लिम्बु : ९८४२०८२०४४*
**हाम्रो सजिलो लेखापढी सेन्टर**
धरान-१६, मालपोट कार्यालय अगाडि
**केदेम कृषि दुध डेरी**
धरान-१८, बुद्ध चोक

**विजयपुर स्कुल**
धरान-१, लक्ष्मी सडक
फोन : ०२५-५२२७४५/५२५६४०

प्रोपाइटर : ज्योति मेयाङबो
**मेयाङबो आल्मुनियम किचेन कर्नर**
धरान-१०
मो. : ९८४२५६३६८९/९८१९०३६०३१

प्रिन्सिपल : प्रविन राई
**मोडल कलेज**
धरान-१
मो. : ९८४२०५१७७३
BBS/BAD/B.Ed प्रथम वर्षको भर्ना धमाधम भइरहेको छ ।

**दोभान लेखापढी सेन्टर**
धरान-१६, मालपोट कार्यालय अगाडि
*रामप्रसाद गिरी : ९८४२१७३४०९*
*दिर्घ प्रसाद गौतम : ९८४२१६६६१८*

अध्यक्ष : मान बहादुर राई
**गोरखा बचत तथा ऋण सहकारी संस्था लि.**
धरान-२, भानुचोक
फोन : ०२५-५२६७५२/६८

**ओम बुद्ध सहमील गुरुङ, काष्ठ कला उद्योग**
धरान-१०
मो. : ९८५२०४५००७

**धरान डायग्नोष्टिक सेन्टर**
धरान-९
फोन : ०२५-५३१३०७

प्रोपाइटर : नविन मेयाङबो
**श्री साम्यक स्टोर**
धरान-८
मो. : ९८१५३३५५८८

प्रोपाइटर : मनोज राउत
(वडा सदस्य)
**शिब बाबा फर्निचर**
धरान-९
मो. : ९८५२०४७९३१

प्रोपाइटर : तोरण श्रेष्ठ
**ईट्टा डिलर**
धरान-८, बरगाछी
फोन : ५३६७५२/६८

प्रोपाइटर : प्रेमबहादुर सोमेमगर
**भवन फ्रेस हाउस**
सरुमारानी-३ कटौजे, प्यूठान
९८६९५९५४५९

## अनेमसंघ...

अध्यक्ष गौरव राई, अखिल नेपाल लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका सहअध्यक्ष पारस लिम्बु, क्रान्तिकारी माओवादी धरान उपमहानगरका सेक्रेटरी सुर्य राईलगायतका नेताहरूको उपस्थिति रहेको थियो । भेलापछिको पहिलो बैठकले महिलामाथि भइरहेको बलात्कार, हत्या लगायतका घटनाहरूको विरोधमा प्रदेशका सबै जिल्लामा विरोध प्रदर्शन गर्ने, जिल्ला संगठनहरू निर्माण गर्ने, पर्चाहरू वितरण गर्ने लगायतका निर्णयहरू गरिएका छन् ।

## इपीजी...

वा नाकाबन्दीको अवसरसम्म जुराउन सक्ने देखिएको छ ।

**अनुमोदनका लागि पुष्पकमल दाहाल सिंगारिदै**

ओलीले सकेनन् भनेर वाहना बनाई पुष्पकमल दाहाललाई यसका लागि दिल्लीले सिंगार्न थालेको छ । वर्गीय, राष्ट्रिय तथा वैयक्तिक आत्मसमर्पणका नमुना रहेका दाहाल चरित्रका हिसाबले उपयुक्त हुने भारतको ठम्याइ रहेको छ । नेपालीहरू यस मामलामा हदैसम्म सतर्क रहनु पर्दछ ।

**सीमा रक्षाका लागि जनआन्दोलन जरुरी**

अन्तर्राष्ट्रियकरण गर्दा सीमा तथा मिचिएको भूभाग फिर्तिका लागि नेपाल सरकार उठीबस्नु पर्छ । तर ओली र दाहाल जस्ता भारतपरस्त दलालहरूबाट यो कुरा संभव नै छैन । त्यसैले सीमा तथा मिचिएको नेपाली भूभाग फिर्ती तथा रक्षाका लागि नेपाली जनताले जनआन्दोलनको तयारी गर्नुपर्छ । भारतीय शासकहरूको मिचाह प्रवृत्तिका विरुद्ध लड्दा भारतीय जनताको साथ लिनु पर्दछ ।

## नेपाली...

अतिथि तथा परराष्ट्रविद हिरण्यलाल श्रेष्ठले सन् १९१६को वरपरदेखि नै ब्रिटिश भर्ती अघोषित रूपमा हुन लागिसकेको इतिहास कोट्याउँदै सन् १९४७ को त्रिपक्षीय सन्धि त केवल सम्पत्तिका रूपमा रहेका ब्रिटिश गोर्खा आर्मीको बाँडफाँडका लागि मात्र गरेको कुरा उजागर गरेका थिए । श्रेष्ठले नेपालीहरूलाई डर्टी, डेन्जरस तथा डिफिकल्ट काममा लगाउने बेलायती नियत विभिन्न सन्धिसम्झौताहरूमा अभिव्यक्त हुने गरेकाले ती असमान र अपमानजनक सन्धिसम्झौताहरू पूर्ण रूपमा खारेज गरी आवश्कता भए नयाँ सम्झौता गरिनु पर्ने कुरामा जोड दिएका थिए ।

अतिथि परि थापाले बीसौं शताब्दीमा सबैभन्दा बढी हिंस्रक बेलायत नै भएको भन्दै यसले त्यतिबेला विश्वभर उपनिवेश विस्तार गर्ने क्रममा प्रायः विश्वका सबै देशहरूसँग असमान सन्धि तथा सम्झौताहरू गरेर कज्याउने गरेको इतिहास स्मरण गर्दै यसका विरुद्ध अभियन्ताका रूपमा विरोधका कार्यक्रमहरू लगातार लगिरहनुपर्ने कुरामा जोड दिए । बिगेसोले उठाएका कुराहरू सामान्य मागका रूपमा संबोधन गरिइने खालका छैनन् । त्यसैले यसका लागि निरन्तर र धैर्यतापूर्ण लामो प्रयत्न र प्रयासको जरुरी छ भनदै थापाले यसमा राष्ट्रवादीहरू तथा क्रान्तिकारीहरूको सधैं साथ रहने कुरामा जोड दिए ।

अर्थविद् तथा नेता सीताराम तामाङले बेलायतले ब्रिटिश आर्मी लगेवापत् नेपालमा नजराना स्वरूप वार्षिक दिने करोडौं रूपैयाँ कतै पनि इन्ट्री भएको पाइएको छैन भन्दै यसको खोजबिन हुनु पर्ने कुरामा जोड दिए ।

कार्यक्रममा नेता नगेन्द्र राई, मानव शास्त्री प्रा.डा. ओम गुरुङ, बिगेसोका वकिल फणिन्द्र कार्की, जलस्रोतविद् रतन भण्डारी, वरिष्ठ पत्रकार सोमनाथ घिमिरे, गेसोका कानुनी सल्लाहकार डिल्लीप्रसाद न्यौपाने, पत्रकार अरुण बराल, सिनेकर्मी मनोज पण्डितलगायतले राष्ट्रिय स्वाभिमानसहितको यो आन्दोलन सफल बनाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको सञ्चालन गायिका मनु नेम्वाङले गरेकी थिइन् ।

## देशको...

चरवा, हली गोठाला लगायतका गरीब एवम् विपन्न वर्ग र किसान, महिला, दलित, जनजाति, मधेशी, मुस्लिम सहितका विशाल बहुसङ्ख्यक जनसमुदायले लोकतन्त्रको वास्तविक अनुभूति गर्नैपाएका छैनन् । यहाँ सङ्घीयताको कुरा गरिन्छ, तर पहिचानलाई गायब पारिएको छ । महिलाहरूको अस्मितामाथि निकै खेलवाड गरिदै आएको छ, बालिका तथा किशोरीहरू तिब्र गतिमा निकृष्ट बलात्कार एवम् जघन्य हत्याका शिकार बन्दै आएका छन् । दोषीहरूमाथि कडा कारवाही हुन सकेको छैन । दलितहरूमाथि विभेद र छुवाछुतका समस्या कायमै छन् । संविधान बनाउने र विधेयक ल्याउने काममा कथित ठूला पार्टीका कथित ठूला नेताहरूको हैकम चल्दै आएको यथार्थ हामीले भोग्दै बेहोर्दै आएका छौं । संसदीय लोकतन्त्रमा स्वतन्त्रता र समानताका गफ त खुबै चल्ने गर्दछन, परन्तु जनताले तिनको उपभोग गर्न पाउँदैनन् । आर्थिक समानता त संसदीय व्यवस्थामा असंभव नै छ । जनताको आन्दोलन गर्ने अधिकारलाई खोस्दै लग्ने र निषेधित क्षेत्र बढाउँदै जाने काम गरिएको छ । जनताको अभिव्यक्ति स्वतन्त्रता, प्राज्ञिक स्वतन्त्रता र पत्रकारहरूका अधिकारहरूमाथि अङ्कुश लगाउने कानून बनाइएका छन् । आन्दोलनकारी पार्टी, शक्ति र संस्थाहरूमाथि दमन र गिरफ्तार गर्ने प्रक्रिया बढ्दै गएको छ । अदालतद्वारा रिहा गरिने र प्रशासनद्वारा पकडिने प्रक्रियालाई हेर्दा जनयुद्धकालमा माओवादी योद्धाहरूमाथि हुने दुर्व्यवहारको ताजा सम्झना हुन थालेको छ ।

अर्थतन्त्र र जनजीविकाका समस्या निकै भयावह बन्दै गएका छन् । सर्वसाधारण जनतामाथि कथित वाम सरकारले धान्नै नसक्ने करको भारी बोकाउँदै गएको छ । महङ्गी र मूल्यवृद्धिले मजदुर, विपन्न, निमुखा वर्ग र उत्पीडित जनताको ढाड सेकिएको छ । सुकुम्बासी, हली गोठाला, हरूवा-चरुवाका साथै मुक्त भनिएका कमैयाँहरूले न जमिन न रोजगारी केही पनि पाएका छैनन् । देश अझै निर्वाहमुखी अर्थतन्त्रको पीडामा छटपटाइरहेको छ र जोताहा किसानको अवस्था अझै पनि दयनीय छ । अझ पनि एकातिर सामन्त वा उच्चवर्गको हातमा धेरै जमिन छ भने अर्कोतिर वास्तविक जोताहाहरूको हातमा निकै कम जमिन छ । भूखण्डीकरण र भूमाफिया बिचौलियाहरूको बिगबिगी बढ्दै गएको छ । देशमा एकातिर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गकै वर्चस्व छ भने अर्कोतिर राष्ट्रिय अर्थतन्त्रको विकासमा गम्भीर अवरोध पैदा भएको छ । देशको अर्थतन्त्र साम्राज्यवादी भूमण्डलीकरण र निजीकरणको कब्जामा रहेको छ । प्राकृतिक स्रोत साधन र व्यापारको क्षेत्रमा भारतीय विस्तारवादको हैकम बढ्दै गएको छ । देशले झण्डै चौध खर्ब जतिको व्यापार घाटा भोग्नु परेको छ । मानवीय स्रोत साधनको एक तिहाई हिस्सा रोजगारीका लागि विदेशिएको छ र जमिन बाँझो पल्टिदै गएको छ । राज्य कृषिक्षेत्रलाई आवश्यक अनुदान दिने, कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने र कृषिजन्य उद्योगहरूको स्थापना गर्ने कामबाट पन्छँदै गएको छ । बहुराष्ट्रिय कम्पनीहरूको लगानी बढ्दै र पुँजी पलायन हुँदै गइरहेको छ । शिक्षा र स्वास्थ्य क्षेत्र निजीकरण र व्यापारीकरणको पीडामा छटपटाइरहेका छन् । देशमा भ्रष्टाचार तीव्र वेगमा बढ्दै गइरहेको छ । प्राकृतिक स्रोतसाधन, मानवीय स्रोतसाधन तथा पुँजीको पलायन, चर्को वैदेशिक ऋणभार, व्यापारघाटा र स्वतन्त्र राष्ट्रिय उद्योगधन्दाको अभाव यी सबैको परिणाम अब सिङ्गो नेपाल भिखमङ्गा देशमा परिणत हुन थालेको छ ।

सामान्यतः नेपाली जनताले लामो समयदेखि उठाउँदै आएका र विशेषतः महान् जनयुद्धको प्रक्रियामा नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि उठाएका राष्ट्रियता, जनतन्त्र तथा जनजीविकासित सम्बन्धित मागहरू अझै ज्युँका त्युँ बाँकी छन् । विभिन्न जनआन्दोलन र जनयुद्धको प्रक्रियामा सहादत प्राप्त योद्धाहरूका परिवारजनले उठाउँदै आएका मागहरू अझै पूरा भएका छैनन् । उक्त सङ्घर्षहरूमा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूको खोजी, सार्वजनिकीकरण र उनीहरूका परिवारजनले राखेका मागहरू अझै बाँकी छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग आवश्यक कानुन र आर्थिक सहयोगको अभावमा थला परेर बसेको छ । घाइते अपाङ्ग योद्धाहरू अझै ठूलो पीडामा छन् र उनीहरूका शरीरबाट अझै गोली र छर्राहरू निकाल्न बाँकी नै छ । जनमुक्ति सेनाका कैयौं योद्धाहरूलाई बहिर्गमितको आरोप लगाइएको छ र उनीहरूका जायज मागहरूको अझै सम्बोधन गरिएको छैन । राज्यसत्ता पश्चगामी वर्गकै हातमा छ र राजनीतिले संसदीय व्यवस्थाकै पुरानो चक्रमा फन्को मारिरहेको छ । यी सबै कुराबाट के स्पष्ट हुन्छ भने देशमा अझै शान्तिप्रक्रियाको स्थापना हुन सकेको छैन र भावी जनआन्दोलन तथा क्रान्तिको अन्तरवस्तु एवम् बीजाङ्कुरहरू यिनै माग तथा समस्याहरूको गर्भमा सन्निहित रहेका छन् ।

यसका साथै, रोजगारीका लागि विदेशिएका झण्डै एक करोड जति नेपाली जनताका समस्या पनि निकै दर्दनाक छन् । उनीहरू देश र विदेशका दलाल र उत्पीडकहरूबाट ठगी, शोषण, उत्पीडन, दमन र यातनाका शिकार हुँदै आएका छन्  र प्रतिदिन नेपालमा लाशहरूको ओइरो लाग्ने गरेको छ । गोर्खा भर्तीकेन्द्र अन्तर्गत ब्रिटिश तथा भारतीय सेनामा गएका नेपालीहरूले बगाएको रगत पसिनाको कदर गर्ने र समानताका आधारमा तलब-भत्ता दिने काममा लापर्बाही भएको छ । केही समय यता ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो) ले असमानता र विभेदको विरोध लगायतका विभिन्न मागहरू राखी शान्तिपूर्ण रूपमा सङ्घर्ष गर्दै आएको छ र यसबारे पनि खासै ध्यान दिइएको छैन ।

देश, जनता र क्रान्तिप्रति गम्भीर विश्वासघात गर्दै ऐतिहासिक झापा विद्रोह र महान् जनयुद्धको ब्याज खाएर कथित वाम तथा कम्युनिस्ट नाममा सरकारमा आसीन नेताहरू अहिले शोषित पीडित जनसमुदायका सामु "समृद्ध नेपाल र सुखी नेपाली"को गफास्टक तथा जादुमयी नारा पस्कदै र दुईतिहाई बहुमतको दम्भ प्रदर्शन गर्दै आफूलाई इतिहासका सबैभन्दा बलवान् र अजम्मरी शक्तिका रूपमा पेश गरिरहेका छन् । के दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका स्वार्थहरूको प्रतिनिधित्व र साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्ने तत्वहरूले देशको राष्ट्रिय स्वाधीनता, जनताको जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान गर्न सक्छन् ? कदापि सक्तैनन्, सकिरहेका छैनन् । तसर्थ, यस प्रकारको जटिल स्थितिमा हामीले देश र जनताको हित र मुक्तिको निम्ति गम्भीरतापूर्वक सोच्न र आवश्यक पाइला चाल्न नितान्त जरुरी भएको छ ।

परिवर्तनप्रेमी जनसमुदाय,

वास्तविक अर्थमा हामीले चाहेको परिवर्तन मात्रात्मक मात्र नभई मुख्यतः गुणात्मक परिवर्तन हो । तसर्थ, १) साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन एवम् हस्तक्षेपको अन्त्य, सन् १९५० लगायत जलस्रोत तथा ऊर्जासहितका क्षेत्रमा भएका सबै असमान सन्धि, सम्झौता तथा सहमतिको खारेजी, सीमा अतिक्रमण तथा जनसाङ्ख्यिक अतिक्रमणको अन्त्य र देशको राष्ट्रिय स्वाधीनताको रक्षा, २) मजदुर तथा भूमिहीन एवम्  गरीब विपन्न वर्ग, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिमसहितका उत्पीडित जनसमुदायका हक, हित तथा अधिकारको प्राप्ति, पहिचानसहितको सङ्घीयता, खाद्य सम्प्रभुता, रोजगारी, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा मौलिक हकको वास्तविक कार्यान्वयन, ३) मजदुरहरूको समुचित तलब बृद्धि, बेरोजगारहरूको रोजगारीको व्यवस्था वा रोजगारी भत्ता, सामन्ती भूस्वामित्वका सबै अवशेषहरूको अन्त्य तथा भूमिहीनहरूमा जमिनको वितरण एवम् भूमिको राष्ट्रियकरण, शिक्षा तथा स्वास्थ्यको सरकारीकरण र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण र ४) बलात्कार, भ्रष्टाचार, महङ्गी, तस्करी, कमिसनखोरी आदिको नियन्त्रण तथा अन्त्यलगायत जनताका तात्कालिक तथा दीर्घकालीन मागहरूको परिपूर्तिका लागि सङ्घर्ष अनिवार्य बन्न गएको छ । अन्ततः यसै प्रक्रियामा सङ्घीय जनगणतन्त्रको स्थापना गरी नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिन र वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्न सकिन्छ । यही नै आजको हाम्रो मूल दायित्व हो ।

अन्तमा, हामी देशको वर्तमान परिस्थिति र आजको हाम्रो दायित्वलाई गम्भीरतापूर्वक चिन्तन, मनन र आत्मसात गरी सर्वहारा वर्ग र उत्पीडित जनसमुदाय एकताबद्ध भई सामन्ती ब्राह्मणवाद, पितृसत्तावाद, साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध सङ्घर्षको तयारीमा लामबद्ध हुनका लागि हामी आम जनसमुदायका नाममा विशेष हार्दिक अपील गर्दछौं ।

- मार्क्सवाद- लेनिनवाद- माओवाद- जिन्दावाद !
- मजदुर वर्ग तथा उत्पीडित जनसमुदाय - एक होऔं !
- नयाँ जनवाद- जिन्दावाद !
- दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य गरौं !
- सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद- मुर्दावाद !
- दक्षिणपंथी संशोधनवाद- मुर्दावाद !
- देशको राष्ट्रिय स्वाधीनताको रक्षा गरौं !
- वीर सहिदहरू - अमर रहून् !

*मिति : २०७५ असोज*

*नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी),*
*केन्द्रीय कार्यालय, बुद्धनगर*

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
**भवन फ्रेस हाउस**
सरुमारानी- बडडाँडा बजार, प्युठान
९८५७८३३०११

कर तिरौं, विकास निर्माणमा सहभागी बनौं र सभ्य नागरिकको परिचय दिऔं !
**बाणगंगा**
**नगरपालिकाको कार्यालय,**
कपिलवस्तु, ५ नं. प्रदेश

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा विद्यार्थी, अभिभावक , शिक्षक, कर्मचारी तथा समस्त नेपालीजनमा हार्दिक शुभकामना !
हर्कबहादुर शाही — अध्यक्ष
प्रेम विष्ट — क्याम्पस प्रमुख
**चामुण्डा कलेज**
चामुण्डा, दैलेख

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
ध्रुवराज मरासिनी प्रमुख-
**नापी कार्यालय**
बुटवल, रुपन्देही

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
सुब्बा श्रेष्ठ तथा सम्पूर्ण
**मनकामना फर्निचर उद्योग परिवार**

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
दिनेश कुमार डंगोल, ८ नं. वडा अध्यक्ष
**काठमाडौं महानगरपालिका**

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
**शम्भू लामा तथा**
**होटल बज्र परिवार**

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
टंक साउद तथा सम्पूर्ण
**जापानिज भाषा स्कूल परिवार**

**शुभकामना**
विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !
प्रो.दिनेश घिमिरे
**अनुपम इन्टरप्राईजेज,**
बुटवल-१२, कालिका नगर, होराईजन चोक, रूपन्देही, फोन : ०७१-४३८४६६
*"खानेपानीसम्बन्धी सम्पूर्ण सामग्रीहरूको थोक तथा फुटकर विक्रेता"*

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**अनिश स्टाफ होटल**

घोराही-३ मानपुर, दाङ,

९८१२८०४८८७

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**प्रियल लेडिज टेलर्स तथा गार्मेन्ट**

सरुमारानी- बडडाँडा बजार, प्युठान

९८५७८३३०२०

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**दाजुभाइ रेष्टुरेन्ट**

सरुमारानी- बडडाँडा बजार, प्युठान

९८१३८४००२१

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**कृष्ण फेन्सी स्टोर्स**

सरुमारानी- बडडाँडा बजार, प्युठान

९८५७८३३०११

## दुर्वाच्य

रामचन्द्र हुमागाई

# प्रचण्डको डकार

राक्षस जस्ता राणा, रावणको रूपका राजा, स्यालजस्ता पञ्च, खञ्चुवा काँग्रेसले रशातुल्य बनाएको नेपालमा नेपाल कम्युनिस्ट पार्टीको बहुमतिय सरकार बनाउन वाम एकता गरेका सिद्धान्त र युद्धकालका साथीहरूलाई बिचैमा थन्क्याएर सत्तारोण गर्न पुगेका पुष्प कमल दाहाल उर्फ प्रचण्डले आफ्नो गृह जिल्ला चितवनमा पुगेर जिल्ला सभालाई सम्वोधन गर्दै भनेछन्, 'अहिले नेपालको विकास भएन भने कहिल्यै हुँदैन' । हो, नेताहरू कहिलेकाँहीँ सत्य वोल्छन तर वोलि र व्यवहारलाई एकैठाउँमा घोलेर काम गर्न निकै कठीन देखिएको छ । यो कठिनाई अरुबाट होईन, जो सत्ताको वरिपरी बसेको छ उसैबाट । रातारात सत्तालाई उपयोग गरेर धनाढ्य बन्ने सोच भएका व्यापारी, नक्कली प्रमाणपत्र भिरेर जागिर खाने मात्र सोच भएका कर्मचारी र नेता गिरि गरेर राज्यको ढुकुटीमा भैंसीले भैं आहाल खेल्ने नेताहरू नै नेपालको विकासका बाधक हुन ।

अहिलेको सरकार आफूलाई कम्युनिस्ट पार्टीको सरकार भन्छ, साँचो अर्थमा भन्ने हो भने नेपालमा कम्युनिस्ट नै छैनन्, कम्युनिस्ट बन्न र बुद्ध बन्न उत्तिकै तपश्या गर्नुपर्छ । कार्लमार्क्स, लनिन र माओ त्यति सजिलोसँग कम्युनिस्ट भएका होइनन् । तै पनि हामीले सहयोग गर्दा यो सरकारलाई नै गर्ने हो, किनभने अरुभन्दा केही प्रगतिशिल सोच यो सरकारको छ । भन्नाले जनताको आँगन–आँगमा यो सरकार पुग्ने प्रयास गरिरहेको छ । सिंहदरवारमा बसेर खुट्टा हल्लाउँदै जनताको थाप्लोमा गिर खेल्ने काममा यो सरकाले केही मात्रामा कमी ल्याएको छ । तैपनि गर्न निकै बाँकी छ । ती बाँकी रहेका काम यस्ता छन्ः–

सर्वप्रथम जनतालाई गणतन्त्र र कम्युनिस्ट सरकारको अनुभूति गराउ, ता कि जनताले परिवर्तको सास फेरुन् । यसपछि स्थानीय सरकार देखि केन्द्रीय सरकारसम्म सरकारमा रहेका निर्वाचित पार्टीका कार्यकर्तालाई काम, कर्तव्य र अधिकारको पाठ सिकाउ ताकि उनीहरू जनताप्रति वफादार बनुन र देश प्रति कर्तव्यनिस्ट बनुन ।

कर्मचारीलाई अनुशासित बनाउ र पुग्ने तलव देउ, काम प्रति वफादार बनाउ । अवश्यक भन्दा एक जना पनि कर्मचारी नराख । बढि भएका कर्मचारीलाई विकास निर्माणको काममालगाउ । भ्रष्टकार्मचारी सँरक्षदिने सरम्पाको अन्त्थ्य गर, भविष्यमा अयोग्य ठहरिने गरि बरखास्त गर । योग्यलाई पुरीकृत गर ।

खाद्यान्न, हरियो तरकारी, फलफूल, माछामासु दुग्ध जन्य पदार्थमा आत्मनिर्भर हुने कार्यक्रम सँचालन गर, पछिल्लो वर्ष किसानले उत्पादन गरेको दूधले बजार नपाएर, गोभेंडाले बजार नपाए क्वाएको र सडकमै दुध पोखिएको विषयमा गँभीर भएर दूग्ध उत्पादनका सामग्री तयार गर, गोलभेंडाको उच्चकोटीको जुस नेपालमै तयार गर । हुम्ला, जुम्ला, मुगु र यस्तै अन्य हिमाली क्षेत्रमा उत्पादित स्याउलाई वजारसम्म ल्याउँने बन्दोवस्त गर ।

ऐन कानुनमा बाधा अड्चन छन् भने त्यस्ता ऐन कानुन सँसोधन गर । नेपालबाट भारततिर बग्ने पानीलाई चुरेभन्दा पनि माथिको किनार हुँदै पूर्वपश्चिम नहरको बस्दोबस्त गर । यत्ती गर्न सक्यो भने नेपालले खाद्यान्नको भण्डार नै बिदेश पैठारी गर्न सक्छ ।

शिक्षमा आमूल परिवर्तन गरी रोजगार मूलक शिक्षा देऊ, कक्षा १ देखि ८ सम्म भाषा मुलक, ८ देखि १२ सम्म शिप मुलक र त्यो भन्दा माथि अनुसन्धान मूलक शिक्षा देउ, यसो गर्न सकियो भने वेरोजगारी समश्या आधाभन्दा बढी स्वदेशमै खपत हुन्छ भने विदेश जान चाहने युवा पनि दक्ष भएर जाने छ ।

स्थानीय सरकारको वडावडासम्म स्वास्थ चौकी पुऱ्यउ, गरीव विरामीले पनि सस्तो र सुलभ औषधोपचार गर्न सकुन् ।

हत्या, बलात्कार, बाक्सीको आरोप लगाएर गाउँ निकाला गर्ने, छाउपडी बस्न बाध्य पार्ने जानाजान यातायतका पाँग्राले ज्युदो मानिस मारेर कम खर्चबाट उम्कने अपराधि सवारी चालक लगायतलाई आजिवन कारावासमा राखेर सजाएँ दिने कानुन वनाउ, बैदेशिक रोजगारीका नाममा सोझासिधा नेपालीलाई ठगी गर्ने अपराधिलाई बिगो सहित असूल गर्ने कम्तिमा २० वर्ष सजाएँ दिने कानुन वनाउ, कानुन बनाउँने मात्रै होईन कार्यान्वयन गर । कार्यान्वयन गर्ने निकायले टेरेन भने उसैलाई सजाएँ गर्ने कानुन बनाउ ।

यो हिजोआजको कागजि विकास, काठमाडौं उपत्याकामा मेट्रो ट्रेन, बाहिरी चक्रपथ, केबूल कार, चिनीया रेल, भारतिय रेल आउँने र बन्ने हल्लालाई बन्द गर, काम गर । पूर्वपश्चिम रेल, काठमाडौं, पोखरा, लुम्विनी रेल गुड्ने सपना नदेखाउ । काम गर, जस त्यसै पाउँछौ । द्रुत मार्ग र सिमरा विमानस्थल छिटोभन्दा छिटो निर्माण गर, बन्नै लागेका पुलपलेसाहरू, निर्माणाधिन सडकहरू चाँडो बनाउ । ठेकेदाको इशारामा नाच्ने होइन, ठेक्का लिएर काम नगर्ने ठेकेदारलाई दण्ड दिने र कामगर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गर । हाइड्रो पावर कम्पनीहरू प्रोपगण्डा होइन पारदर्शी बनाउ । हिमाली र पहाडि भागमा डोर लयाउँनू भन्द केबुल कार बनाउ । पहिरोको जोखिम कम गर । यि काम गर्न पैसातिमीसँगैं छ, रेमिटेन्सलाई प्रोगमा ल्याउ, उनीहरूले आर्ज गरेको रकमले उनीहरू गाँउ घर निमार्ण गर । विश्वास दिलाउ । नाफा बितरण गर ।

तिमीले पाएको पाँच वर्षमा यि माथिउल्ले भएका काम मध्य २५ प्रतिशत मात्रै काम गऱ्यौं भने तिम्रो ठेकेदारी डकारलाई जनताले स्यावासी देलान्, अन्यथा कान चिरिएको जोगी ।

## कृषक वर्गहरूमा अनुरोध !

कुनै पनि बालिको विउ र पशुहरूको जातको कारणले उत्पादनमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले बालीहरूको विउको प्रयोग गर्दा आधिकारिक निकाय मार्फत प्रमाणितकारण भई यथार्थ सङ्केत पत्र लगाईएको र भरपर्दो श्रोतवाट उपलब्ध भएको विउ प्रयोग गरी उत्पादन वृद्धि गर्नुको साथै आफुले पालेका पशुहरूमा कृत्रिम गर्भधान गरि नश्ल सुधारको माध्यमवाट उत्पादन वृद्धि गर्दै कृषि र पशुपालन व्यवसाय लाई व्यवसायिकरणको माध्यमवाट खाद्य सुरक्षाका साथै आयआर्जन र स्वरोजगारका अवसरहरू श्रृजना गरौ ।

**किसानका लागि उन्नत बीउ विजन कार्यक्रम**

कार्यक्रम व्यवस्थापन कार्यालय तिलोत्तमा-३, जानकीनगर, रूपन्देही

सम्पर्क फोनः ०७१-४२०२४४, फ्याक्सः ०७१-४२०२४५

इमेलःkubkisfp2012@gmail.com

वेभसाईटः www.kubk.gov.np

सम्पर्क कार्यालयः कुमारीपाटी, ललितपुर,

फोन न. ०१-५५२२०६७




## 'सुरक्षित भविष्यका लागि सञ्चय कोष'

**१. कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरू :**

(क) **सञ्चय कोष रकमा व्याज प्रदान** : २०७५ श्रावण १ गते देखि ८.२५ प्रतिशत,।

(ख) **मुनाफा** : ०.७५ प्रतिशत (आर्थिक वर्ष २०७३/७४ को सञ्चयकोष शुरु मौज्दातमा प्रदान गरी सञ्चय कोष, विद्युतप्राधिकरण, विद्युतउत्पादन कम्पनीबाट प्रवद्धित बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी लिमिटेडमा सञ्चयकर्ताको ४० प्रतिशत शेयर लगानी गर्ने उद्देश्यले छुट्टै राखिएको ।

(ग) **सापटी सुविधाहरू :**

- विशेष सापटी : कोषकट्टी खातामा जम्मा भएको रकमको ८० प्रतिशत सम्म, ब्याजदर ९.५० प्रतिशत ।
- घर सापटी : घर निर्माण गर्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १५ वर्षको तलब वा बढीमा रु.१ करोड सम्म, ब्याजदर ९.७५ प्रतिशत । (२०७५ श्रावण १ गते देखि स्वीकृत हुने रु.४० लाख रूपैंया भन्दा माथिको घर सापटीमा लिने ब्याजदर १०.२५ प्रतिशत कायम गरिएको छ)
- शैक्षिक ऋण : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्चशिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतमरु.१० लाख, विदेशका लागि अधिकतमरु.२० लाख सम्म र एम.बी.बी.एस./एम.डी.को लागि रु.२५ लाख सम्म, ब्याजदर ९.७५ प्रतिशत ।
- सञ्चयकर्ता सरल चक्रकर्जा : घर जग्गाको धितोमा न्यूनतम रु.५ लाख र अधिकतम रु.३० लाख, ब्याजदर १०.२५ प्रतिशत ।
- घर मर्मत सापटी : घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम ५ वर्षको तलब वा रु.२५ लाख सम्म, ब्याजदर ९.७५ प्रतिशत ।

(घ) **सामाजिक सुरक्षा सुविधाहरू :**

- दुर्घटना क्षतिपूर्ति योजना : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु.१ लाख २५ हजार,
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.३० हजार ।
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम : साधारण उपचारमा रु.२५ हजार र कडा रोगको उपचारमा रु.५० हजार सम्म,
- सुत्केरी तथा शिशु स्याहार सुविधा : प्रति प्रसुति रु.७ हजार ५ सय का दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।

(ङ) **अन्य सुविधा :**

कोषले ऋण लगानी गरेका कम्पनीहरूको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराईएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, सान्जेन जलविद्युत कम्पनी लि. र रसुवागढी हाईड्रो पावर कम्पनी लि. शेयर प्रदान भईसकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने अन्य परियोजनामा शेयर प्रदान गर्दै जाने)

**२. कोषको प्रतिबद्धता :**

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट कार्यकुशलता अभिबुद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय तथा प्रभावकारी सेवा प्रदान गरी सञ्चयकर्तालाई सन्तुष्ट पार्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तार गरी सामाजिक सुरक्षाको क्षेत्रमा कोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरूको सहकार्य र सरोकारवालाहरूको सामूहिक प्रयासबाट कोषलाई उत्कृष्ट सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने

**३. कोषको भावी कार्यक्रम :**

- योगदानमा आधारित निवृतिभरण योजना,
- बेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर परियोजना निर्माण,
- बैदेशिक रोजगारीमा रहेका नेपाली कर्मचारी/कामदारको सञ्चयकोष योजना,
- योगदानमा आधारित वृहत सामाजिक सुरक्षा योजना,
- असंगठित तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि सञ्चयकोष योजना ।
- मुलुकको पूर्वाधार क्षेत्र सडक, जलविद्युत तथा अन्य राष्ट्रिय महत्वका आयोजनाहरूमा लगानी ।
- नेपाल सरकारको आर्थिक बर्ष २०७५/७६ को बजेट वक्तव्यमा सम्वोधन भए अनुसार सञ्चयकर्ता आबास योजना लागु गर्ने

*सञ्चयकर्ताहरूलाई कोषले प्रदान गर्ने सेवा र सुविधाला ई प्रभावकारी बनाउने प्रण गर्दै सबै संघ, संस्था तथा कम्पनीहरूलाई आ–आफ्ना कर्मचारी/कामदारहरूको सञ्चयकोष कट्टी गरी कर्मचारी सञ्चयकोषमा आबद्ध हुन हार्दिक आग्रह गर्दछौं ।*

**कर्मचारी सञ्चय कोष**

पुल्चोक, ललितपुर

Website: www.epfnepal.com.np

फोन नं. ०१–५०१०१६५

## शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**शिव प्रसाद उपाध्याय**
**तथा सम्पूर्ण उपाध्याय परिवार**

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-५२२५२८१, ५२२५०३४

बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रातपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

**रोयल बुईपा A/C जम्बो हाईस**

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर |
|---|---|
| बसन्त खड्का - ९८४२८३७७९३ | फोन नं. ०३५-४२१५४३ |
| - ९८१७७१९६९७ | पुरुषोत्तम खनाल - ९८५२८३५६९० |
| ईन्द्र कट्टेल - ९८१८४१५२९० | - ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

**टाटासुमो बोलेरो**

*(रिजर्भ चाहिएमा)*

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

**रिजर्भ चाहिएमा सम्पर्क**
**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# राष्ट्रिय स्वाधीनताको प्रश्न र ओली सरकार



● मोहन वैद्य 'किरण'

संघीय निर्वाचनको वरिपरिदेखि वाम नामको गठबन्धनमा देखा परेको जनताका आकर्षण ह्वात्तै घटेर गएको छ । सरकार गठनका पाँचछ महिनामा यसको साख आश्चर्यजनक रूपमा स्खलित हुँदै गएको छ । समाजवादको निर्माण गर्ने वाम भनिएको सरकारलाई जनताले नै यो कस्तो खालको सरकार हो भनेर प्रश्न गर्न थालेका छन् ।

भ्रष्टाचार निकै बढेर गएको छ । तस्करी चरम रूपमा बढेर गएको छ । सुनकाण्डमा साना माछा र ठूला माछाका कुरा निकै गरिएका थिए । तर ठूला माछा अझैसम्म समातिएका छैनन् । बलात्कार र हत्याका कुराहरूले सीमा नाघेका छन् । महङ्गी चुलिएको छ । सिण्डिकेटका सामु सरकारले घुँडा टेकेको छ । ठेकेदारहरूका अगाडि सरकार निरीह छ । यसले गर्दा यो संसदवादी सरकारले देखाउन खोजेको वामपन्थी ढोंग र समाजवाद निर्माणको ढोंग समाप्त हुँदै गएको छ ।

हामीले जनताका माझमा भन्ने गरेका थियौं कि यो न त कम्युनिस्ट सरकार हो, न त वापन्थी नै । बरु यो दलाल तथा नोकरशाही सरकार हो । यो प्रतिक्रियावादोन्मुख छ । आज आएर पाँचछ महिनाका बीचमा यो कम्युनिस्टको सरकार पनि नभएको, वामपन्थी पनि नभएको पुष्टि भएको छ । यो ढाँट, छली र कपटीहरूको सरकार भएको पुस्टि हुन गएको छ ।

देशको स्वाभिमानको कुरा गर्ने हो भने लाजमर्दो अवस्था सिर्जना भएको छ । नेपाली हामी सबैले बुझेका र हेरेका पनि छौं कि हाम्रो दार्चुला जिल्लामा पर्ने कालापानी नेपालको हो । तर यो सरकारले कालापानी नेपालको हो कि होइन थाहसम्म पाएको रहेनछ । सरकारले भारतबाट पठाएको आफ्नै देश नेपालको कालापानी भारतमा पारेको नक्सा देशभर टाँग्न लगाएको छ । त्यही नक्सा नै आफ्ना मातहतका सरकारी कार्यालयहरूमा प्रयोग गरिरहेको छ ।

भारतीयहरूले बनाएको नक्सामा लिम्पियाधुरादेखि लिपुलेकहुँदै कालापानीसम्मको सम्पूर्ण भूभाग भारतको नक्सामा राखिएको छ । तर नेपाल सरकार आफूले बनाएको नक्सा नै छैन । हामीले संविधानको निकै कुरा गर्ने गरेका छौं पनि तर एउटा कुरा के छ भने यो संविधानमा नेपालको सीमारेखाबारे कुनै पनि कुरा उल्लेख गरिएको छैन । विना सीमारेखाको देश संभव छ ? यो संविधानलाई विश्वकै उत्कृष्ट संविधान भन्ने गरेका छन् । तर यो उत्कृष्ट संविधानमा आफ्नै देश नेपालको नक्सा राखिनु पर्छ कि पर्दैन ? नेपालको नापी विभाग र भूमिसुधार मन्त्रालय के काम गरेर बसिरहेको छ ?

नक्सा भारतले पठाएको प्रयोग गरिहेको छ सरकारले । नेपालका सबै सरकारी कार्यालयहरूमा, विद्यालयहरूमा, पाठ्यक्रम, पाठ्यपुस्तकहरूमा र सार्वजनिक स्थानहरूमा भारतले पठाइदिएको नक्शा नै प्रयोग गरिरहेको छ वर्तमान सरकार । अहिले सरकारी कार्यालयहरूमा आधिकारिकरूपमा प्रयोग गरिरहेको निशान छापमा कालापानी, लिम्पियाधुरा र लिपुलेक नै गायब पारिएको छ । यस्तो छ हाम्रो देशमा सरकारी निशान छाप !

भारतले नेपालका भूभागहरू लिपुलेक, कालापानी, लिम्पियाधुरा, सुस्ता, महेशपुर, प्यारानाला, भादानाला, तिलाठीहुँदै पूर्वको पशुपतिनगरसम्म अतिक्रमण गरेको छ । तर यो सरकार चूप लागेर बसिरहेको छ । प्राकृतिक स्रोतसाधनहरू सबै भारतलाई बेच्ने काम भइराखेको छ । देशमा आज युवाहरूको अधिकांश हिस्सा विदेश पलायन भइरहेको छ । युवाहरू त विदेशिए तर देशको सरकार पनि ती युवाहरूको तलब काटेर पठाएको रेमिटेन्सले बाँचिरहेको छ ।

आज देशको अवस्था निकै जटिल छ । हामी विद्यार्थी साथीहरूले हाम्रा विगतका गौरवमय इतिहासहरू हेर्नु र पुनरावलोकन गर्नु जरुरी छ । किनकि देश जटिल समस्यामा फसेका बेला विद्यार्थी आन्दोलनहरूले यसका समस्याका गाँठाहरू संघर्षका माध्यमबाट फुकाउने गरेका छन् । २०२६ सालतिर विद्यर्थीका सशक्त आन्दोलनहरू हुने गरेका थिए । त्यसै गरी २०३६ सालमा विद्यार्थीको गौरवमय आन्दोलन उठान भएको थियो । यसले तात्कालिन निरंकुश पञ्चायती व्यवस्थालाई जनमत संग्रहमा जान बाध्य गराएको थियो ।

अहिले यो संकटको अवस्थामा केही विद्यार्थी साथीहरू मन लागेर वा नलागेर पनि वर्तमान दलाल तथा नोकरशाही सरकारका पछि लागेका छन् । केही विद्यार्थी साथीहरू नयाँ आन्दोलन उठानको तयारीमा छन् । विद्यार्थीमा पनि टुटफुट छ । यो बेलामा परेको राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरूमा सबैको ध्यान, प्रयत्न र संकल्प एकै ठाउँमा गराउन सकिएको छैन । यसका लागि नवयुवा विद्यार्थीहरू गम्भीर बन्न जरुरी भएको छ ।

देशलाई संघीय भनी नामाकरण गरिएको छ । तर उत्पीडित जातिहरूका हक अधिकारहरू कतै पनि दिइएको छैन । जनसमुदायका हकहितहरूलाई कुण्ठित गरिएको छ । यस्तो बेलामा विकास र समृद्धिका ढाँट कुरा गरेर हुन्छ ? देशका प्राकृतिक सम्पदाहरू भारतलाई बेच्ने, युवाहरू विदेश पलायन गराउने, सामान्य काममा पनि दक्ष जनशक्ति विदेशबाट भित्र्याउने, कमिसन, घुसखोरी, दलाली, माफियागिरी तथा तस्करीलाई बढावा दिने, अनि कसरी हुन्छ देशमा समृद्धि र विकास ?

अब यी सारा समस्याहरूको समाधानका लागि एउटा आँधी, हुरी र तुफानको जरुरी छ । तपाई युवाहरू आन्दोलन उठानमा लाग्नुस् । हामी पनि पार्टीको तर्फबाट आन्दोलन उठानको तयारी गर्छौं । किनकि नेपालमा एक वर्गको अन्त्य गरेर अर्को वर्गको राज्यसत्ता स्थापना गरिने आमूल परिवर्तनकारी क्रान्ति सम्पन्न भएकै छैन ।

हामीले गरेको दश वर्षको जनयुद्ध यही आमूल परिवर्तनका लागि गरेका थियौं । तर यसले जब प्रतिफल हात पार्ने बेला भयो, त्यो बेलामा गम्भीर खालका षड्यन्त्रहरू भए । हामीले निकै विश्वास गरेको नेतृत्वले धोखा दियो । कुनै बेलामा निर्माण भएको नायक अर्को बेलामा खलनायकमा रूपान्तरण हुनु हाम्रा लागि गम्भीर पाठ हो । यसलाई आत्मसात् गरेर अघि बढ्नु जरुरी छ । इतिहासमा एउटा गम्भीर खालको धोखा भएको छ । हामी घुमिफिरी रुम्जाटार भने झैं यही संसदीय व्यवस्थामा आउनका लागि जनयुद्ध लडेका थिएनौ । यो बेलामा दृढतापूर्वक उभिएर फेरि अघि बढ्नुको विकल्प नै छैन । हामीले सच्चा क्रान्तिकारीहरूलाई गोलबन्द गरेर अगाडि बढ्ने प्रयासहरू गरिरहेका छौं ।


शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिवहिनीहरूमा हार्दिक शुभकामना !

अमृत महर्जन
तथा
सम्पूर्ण महर्जन परिवार

प्रो. नबिन पौडेल मो.: ९८६७७६३३७६

नबिन स्वीट एण्ड चाट
देवदह, खैरेनी, रुपन्देही



हामीकहाँ शुद्ध घ्यूबाट बनेका मिठाई पाउनुको साथै घ्यू पनिर, दही, दुध आईसक्रिम र नास्ताको पनि पाईन्छ ।

सम्पूर्ण नगरवासीहरूमा अनुरोध !

१. नगर विकास, पौवा र पोखरीहरूको संरक्षण र संर्वद्धन गरौं । सकरात्मक सहभागिता जनाउने र नगरपालिकालाई स्वच्छ र हराभरा कायम राख्न सहयोग गरौं ।
२. घर आँगन सडकपेटी, सफा राखौं ।
३. वातावरणमैत्री बनाउन प्रतिवद्ध बनौं ।
४. जेष्ठ नागरिक, एकल महिला एवं अपाङ्ग भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता प्रत्येक वर्षको साउन देखि मंसीर सम्म नविकरण गरौं/गराउ साथै लक्षित कार्यक्रममा हुनसक्ने दुरूपयोगमा खबरदारी गरौं ।
५. जन्म, मृत्यु, बसाइँसराइ, विवाह दर्ता र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरूको दर्ता ३५ दिन भित्रै आफूले पनि गरौं । अरुलाई पनि व्यक्तिगत घटनाहरूको दर्ताको लागि प्रेरित गरौं ।
६. नगर क्षेत्र तपाईंकै हो । यसलाई समृद्ध बनाउन आफ्नो तर्फबाट सकेजति सहयोग गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही, ५ नं. प्रदेश, नेपाल
E-mail:sainamainamunicipality@gmail.com
फोन : ००९७७-७१-४४०५५३

शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विगत १६ वर्षदेखि घरजग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था





गौली ग्रुपको विशेषताहरू

१. शून्य रकममा घडेरी पास गर्न सकिने ।
२. आफूले चाहे जति मोहडाका घडेरी लिन सकिने ।
३. नगर विकासको आधारभूत मापदण्ड पूरा गरिएको ।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको ।
५. फराकिलो बाटो भएको ।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको ।
७. सरल ढंगले घडेरी पास गर्न सकिने ।
८. गौली ग्रुपसँग घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेञ्ज पनि गर्न सकिने ।

गौली ग्रुप डेभलपर्स प्रा. लि. GG स्था. २०६८ भरतपुर-९, चितवन

गौली ग्रुप डेभलपर्स प्रा.लि.
भरतपुर चितवन, फोन ०५६-५२०९३७,
इमेल : gauligroup@gmail.com








**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।